# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०३ | काठमाडौं | मंगलबार, ०४ मंसिर २०८१ | Prabhab National Daily | Tuesday, November 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लैङ्गिक हिंसाबाट सचेत बनौं**

**शारीरिक हिंसा**
- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरूप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसा** :
- गालीगलौज गर्ने, अपमानित गर्ने, डरधम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुट्टा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने

**यौनजन्य हिंसा** :
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहव्यापारमा लगाउने जस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन् । यस्ता घटना विरूद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अर्थमन्त्री बन्न गगनको मरिहत्ते

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगन थापा जसरी पनि मन्त्री बन्ने होडमा छन् । कांग्रेस स्रोतका अनुसार थापाले अर्थमन्त्री बन्ने रहर गरिरहेका छन् । 'पछिल्लो दिन महामन्त्रीज्यू जसरी पनि अर्थमन्त्री बन्ने भनेर लागिरहनुभएको छ,' कांग्रेस स्रोतले भन्यो ।

थापाले अर्थतन्त्र सुधारका विषयमा अभिव्यक्ति दिन थालेका छन् । शनिबारमात्र सिन्धुपाल्चोकको चौतारा पुगेर उनले देशको अर्थतन्त्र नसुध्रिएको बताएका थिए । 'हाम्रो अर्थतन्त्र जुन अवस्थामा हुनुपर्ने हो त्यो छैन,' थापाले भने । नेकपा एमालेको सरकारले वृद्धभत्तादेखि विभिन्न कार्यक्रम घोषणा गरेकोतर्फ लक्षित गर्दै थापाले ढुकुटीको पैसा बाँड्दाबाँड्दा रित्तो हुन पुगेको तर्क गरे ।

'सरकारले धमाधम एकपछि अर्को घोषणा गर्न थाल्यो । कसैले यति वर्षको उमेरदेखि भत्ता दिन्छु भन्यौं । कसैले यसलाई भत्ता दिन्छु भन्यौं,' थापाले भने, 'अनि सरकारको खुत्रुकेको रकम घट्यो ।'

यसअघि पनि थापाले अर्थतन्त्र सुधारबारे विभिन्न मञ्चहरूबाट सरकारलाई सुझाव दिँदै आइरहेका छन् । त्यसो त थापा अर्थमन्त्री बन्ने हल्ला यसअघि पनि नचलेको होइन । २०७९ को निर्वाचनयता थापा अर्थमन्त्री बन्ने चर्चा लगातार चलेको हो । यसपटक भने सरकारमा सहभागी भएका मन्त्रीहरूको कमजोरी देखाउँदै कांग्रेसमा थापानिकट नेताहरूले मन्त्री फेरबदल गर्नुपर्ने दबाब दिइरहेका छन् ।

- अर्थतन्त्र सुधारका विषयमा अभिव्यक्ति बढाउँदै कांग्रेस महामन्त्री थापा
- नेकपा एमालेको नेतृत्वलाई लक्षित गर्दै सरकारले वृद्धभत्तादेखि विभिन्न कार्यक्रम घोषणा गर्दा ढुकुटीको पैसा रित्तिएको थापाको दाबी
- २०७९ को निर्वाचनयता थापा अर्थमन्त्री बन्ने चर्चा लगातार चल्दै आएको छ

### रविमाथि कारबाहीको जस लिँदै थापा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी ठगी आरोपमा अहिले कास्की प्रहरीको कारागारमा छन् । कात्तिक २ गते प्रहरीले लामिछानेलाई काठमाडौंबाट नियन्त्रणमा लिएर पोखरा लगेको थियो । उनी पक्राउबारे कांग्रेसमा धेरैले महामन्त्री थापालाई नै जस दिन्छन् । थापाकै प्रयासमा सहकारीको मुद्दा स्थापित भएको कांग्रेस सभापति शेरबहादुर देउवाले समेत बताएका थिए ।

'सहकारीसम्बन्धी कुरा हाम्रो महामन्त्री गगनकुमार थापाले धेरै अध्ययन गरेर भन्नुभएको रहेछ । उहाँलाई धन्यवाद दिन चाहन्छु । मैले वास्तवमा पत्याएकै थिइनँ, यस्तो छ भनेर,' असोज २ गते सानेपामा आयोजित कार्यक्रममा देउवाले भनेका थिए ।

लामिछाने सहकारी प्रकरणमा मुछिएको विषयलाई स्थापित गर्न महामन्त्री थापाले सदनमा निरन्तर प्रयास गरेका थिए । यसैले पनि उनले अहिले अर्थमन्त्री पाउनुपर्ने उनीनिकट नेताहरू बताउँछन् । 'महामन्त्रीले निकै दुःख गर्नुभएको छ । अहिले फ्रन्टलाइनमा उहाँ नै देखिनुहुन्छ,' थापानिकट एक केन्द्रीय सदस्यले भने, 'ढिलोचाँडो उहाँ अर्थको नेतृत्वमा पुग्नुहुन्छ ।'

पछिल्ला दिनहरूमा मन्त्री हेरफेरको चर्चा पनि बढ्दो छ । उद्योगमन्त्री दामोदर अधिकारी, पर्यटनमन्त्री बद्री पाण्डेसहित एमाले र कांग्रेसबाट तीन/तीन जना मन्त्री हटाउनेबारे कांग्रेस सभापति देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीबीच पटक-पटक भेटवार्ता भइसकेको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

नेपाल-भारत सीमा सुरक्षा बैठक

# सीमापार अपराध नियन्त्रण थप प्रभावकारी बनाउने निर्णय

■ जेबी योञ्जन

**काठमाडौं–** सीमापार अपराध नियन्त्रण थप प्रभावकारी बनाउने निर्णयसहित नेपाल-भारत सीमा सुरक्षा बैठक सोमबार सकिएको छ । सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालसँग दुई दिनसम्म सीमा सुरक्षा र सीमापार अपराध नियन्त्रण र रोकथामबारे छलफल गरेर भारतीय सशस्त्र सीमा बल (एसएसबी)का प्रमुख अमृतमोहन प्रसाद सोमबार भारत फर्किएका छन् ।

सीमा सुरक्षामा खटिँदै आएका दुई देशको सुरक्षा संगठन प्रमुखबीच भएको छलफल र समझदारीलाई सीमापार अपराध नियन्त्रणको क्षेत्रमा अर्थपूर्णरूपमा हेरिएको छ । किनभने वर्षौंदेखि दुवै देशले झेलेको सीमापार अपराध प्रमुख समस्या हो ।

यसबारे दुवै दलका सुरक्षा संगठन मिलेर लड्ने समझदारी भएको सशस्त्र प्रहरीका प्रवक्ता शैलेन्द्र थापाले बताए । उनले प्रभावसँग भने, 'नेपाल-भारतको सीमा खुला हुँदा भारतमा अपराध गरेर नेपालमा लुक्ने अथवा नेपालमा अपराध गरेर भारतमा लुक्ने, तेस्रो देशको



- सीमा क्षेत्रमा आगलागी र पानीजन्य प्रकोपको व्यवस्थापन तथा खोज उद्धारका लागि दुवै पक्षले संयुक्त रूपमा काम गर्ने सहमति
- दशगजा क्षेत्रलाई अतिक्रिमणमुक्त पार्ने, मानव बेचबिखन, सुन तस्करी नियन्त्रणमा संयुक्त पहल गर्ने विषयमा संयुक्त हस्ताक्षर
- सीमा अपराध नियन्त्रण, सूचना आदानप्रदान, राजस्व चुहावट नियन्त्रण, लागुऔषध तस्करी र तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रणलगायतका विषयमा थप प्रभावकारी कदम चाल्ने निष्कर्ष

नागरिक आउने, सीमा क्षेत्रबाट घुसपैठ गर्ने, मानव तस्करी हुनेजस्ता अनेकन समस्या छन्, ती समस्याहरूको सम्बोधनका लागि एकीकृत रूपमा लड्ने समझदारी भएको छ ।'

थापाका अनुसार बैठकले सीमाबाट हुने तेस्रो देशका नागरिकको घुसपैठ नियन्त्रण र आवागमन गर्ने नेपाल-भारतका नागरिकलाई सहजीकरण गर्न सीमा क्षेत्रमा 'इन्फरमेसन डेस्क' स्थापना गर्ने निर्णय गरेको छ । हाल नेपाल-भारत खुला सीमा एक हजार ८८० किलोमिटर छ ।

सोही खुला सीमाको आपराधिक मनोवृत्ति भएकाहरूले फाइदा उठाउँदै आएका छन् । तर, यसपटक दुई देशका सीमा सुरक्षा बलका प्रमुखबीचको छलफलपछि भारतले तालिमप्राप्त कुकुरसहितका सुरक्षाकर्मी सीमा क्षेत्रमा खटाउन नेपालको सशस्त्र प्रहरीलाई तालिम दिने भएको छ । दुवै दलले सीमा सुरक्षालाई प्रभावकारी बनाउन 'ज्वाइन्ट टास्क फोर्स' गठन गर्नेबारे पनि बैठकमा छलफल भएको थियो । तर, त्यसबारे समझदारी भने भएन ।

(क्रमशः पृष्ठ २ मा)

# पूर्वसभामुख ढुंगानाको राजकीय सम्मानका साथ अन्त्येष्टि



**काठमाडौं (प्रस)-** पूर्वसभामुख दमननाथ ढुंगानाको पशुपतिनाथस्थित आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । त्यस अवसरमा नेपाली सेनाको एक टुकडीले दिवंगत ढुंगानाको सम्मानमा सलामी अर्पण गरेको थियो । ढुंगानाको पार्थिव शरीरमा उनका छोराहरूले दागबत्ती दिए ।

पूर्वसभामुख ढुंगानाका सम्मानमा १७ तोपको सलामीसमेत दिइएको थियो । कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुंगानाको पुरानो बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो ।

पूर्वसभामुख ढुंगानाप्रति श्रद्धाञ्जली अर्पण गर्न सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उपसभामुख इन्दिरा राना, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्री गण, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सांसद तथा विभिन्न पेसा व्यवसायमा आबद्ध व्यक्ति तथा सर्वसाधारण आर्यघाट पुगेका थिए ।

अस्पतालमा निधन हुनासाथ ढुंगानाको पार्थिव शरीर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित शवगृहमा राखिएकामा सोमबार बिहान ज्ञानेश्वरस्थित सानो गौचरणमा ल्याइ उनीप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# साउदीमा घरेलु कामदारले 'स्पोन्सर' परिवर्तन गर्न पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियाले विदेशी घरेलु कामदारलाई स्पोन्सर परिवर्तनको सुविधा दिने भएको छ । साउदी सरकारले विदेशी घरेलु कामदारसम्बन्धी भएका नियमहरूमा सुधार गर्दै उक्त सुविधा दिने निर्णय गरेको बताइएको छ ।

विदेशी घरेलु कामदारले आफूले गरेको काम चित्त नबुझे दुई महिनाभित्र स्वदेश फर्किन वा रोजगारदाता (स्पोन्सर) परिवर्तन गर्न सक्ने नयाँ व्यवस्था लागू भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । नयाँ नीतिका कारण कामदार र रोजगारदाताबीचको सम्बन्ध सुदृढ हुने अपेक्षा गरिएको छ ।

साउदीको मानव संशाधन मन्त्रालयले तय गरेको नीतिअनुसार घरेलु कामदारहरूले साउदीमा आएको पहिलो दुई वर्षभित्र सम्झौता भंग गरेमा ६० दिनभित्र देश छोड्नुपर्ने छ भने दुई वर्षपछि स्वेच्छाले काम छाडे ६० दिनभित्र नयाँ रोजगारदाता खोजी गर्ने अवसर पाउने छन् । जसले स्पोन्सर परिवर्तन गर्न सहयोग पुग्ने बताइएको छ ।

साउदीमा विभिन्न स्रोत मुलुकबाट अवैधरूपमा ठूलो संख्यामा घरेलु कामदार जाने गरेको विभिन्न अध्ययनले पनि देखाएका छन् । सांउदी सरकारको उक्त व्यवस्थाले विदेशी घरेलु कामदार लाभान्वित हुने बताइएको बिबिसीले जनाएको छ । यद्यपि, अन्य क्षेत्रमा कामदार पठाउने नेपाललगायतका देशहरूले विशेषगरी घरेलु कामदारको रूपमा महिला जाने भएकाले उनीहरूको श्रम तथा सामाजिक सुरक्षाप्रति प्रश्न उठाउँदै साउदीमा घरेलु कामदार पठाउन बन्देज लगाउँदै आएका छन् ।



- विदेशी घरेलु कामदारले आफूले गरेको काम चित्त नबुझे दुई महिनाभित्र स्वदेश फर्किन वा रोजगारदाता (स्पोन्सर) परिवर्तन गर्न सक्ने नयाँ व्यवस्था लागू गरिएको जानकारी

नेपाल सरकारले विगत नौ वर्षदेखि घरेलु श्रमका लागि जाने कामदारहरूमाथि हुने असुरक्षा र शोषणका कारण साउदीमा घरेलु कामदार पठाउन बन्देज लगाएको छ । घरेलु कामदारलाई श्रम तथा सामाजिक सुरक्षाको ग्यारेन्टी नभएसम्म नेपालले साउदीमा कामदार नपठाउन अडान लिँदै आएको छ । यसका लागि नेपाल सरकारले श्रमसम्बन्धी द्विपक्षीय वार्ताहरूमा घरेलु कामदारका लागि सुरक्षा र अधिकार सुनिश्चित गर्न विभिन्न सर्तहरू राख्दै आएको छ ।

यद्यपि, साउदी सरकारका प्रतिनिधिहरूले नेपालबाट जाने घरेलु कामदारको सुरक्षा र अधिकारको प्रतिवद्धता जनाउँदै कामदार आपूर्ति सुचारु गर्न आग्रह गरे पनि नेपाल सरकारले हालसम्म कुनै निर्णय गरेको छैन । तर गैर कानुनी माध्यमबाट थुप्रै नेपाली महिलाहरू रोजगारीको लागि साउदी पुगेको सरकारी निकायकै स्वीकारोक्ति छ । साउदीले ल्याएको नयाँ व्यवस्थाका कारण घरेलु श्रमका लागि पुगेका नेपालीहरूले करार अवधि सकिएपछि स्पोन्सर परिवर्तन गर्न पाउने भएकाले समस्यामा परेकाहरूलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

नेपाल सरकारले घरेलु श्रमका लागि विदेश जान बन्देज लगाए पनि पछिल्लो समय अवैधरूपमा काम गरिरहेका वा गरेर स्वदेश फर्की पुनः रोजगारीमा जाने घरेलु कामदारलाई वैधानिकीकरण गर्दै श्रम स्वीकृति दिने निर्णय गरेको छ । यसबाट साउदीलगायत अन्य मुलुकमा काम गरिरहेका घरेलु कामदारले सहजै श्रम स्वीकृति लिएर पुनः रोजगारीमा फर्किने अवसर पाउने छन् ।

## वैधानिक माध्यमबाट रेमिट्यान्स पठाउन दूतावासको आग्रह

**काठमाडौं (प्रस)-** इजरायलको तेलअभिभस्थित नेपाली दूतावासले नेपालमा रेमिटयान्स (पैसा) पठाउँदा वैधानिक माध्यमको प्रयोग गर्न आग्रह गरेको छ । इजरायलका विभिन्न सहरमा काम गरिरहेका नेपालीहरूलाई नेपालमा पैसा पठाउँदा वैधानिक तवरबाट पठाउन आग्रह गरेको हो ।

दूतावासले आइतबार एक सूचना जारी गर्दै नेपालमा पैसा पठाउन वैधानिक माध्यम हुँदाहुँदै गैरकानुनी तवरबाट पठाउने गरेको पाइएको भन्दै चिन्तासमेत प्रकट गरेको छ । दूतावासले अवैधरूपमा हुने हुण्डी, ढुकुटी, सापटीलगायतका तरिकाहरू अत्यधिक प्रयोग गरी नेपालमा पैसा पठाउने गरेको पाइएको उल्लेख गरेको छ । अवैध कारोबारबाट सिर्जित व्यक्तिगत लेनदेनका विषयहरूमा दूतावासमा नियमितजस्तो गुनासा आइरहेको भन्दै दूतावासले कुनै पनि बिचौलियाको मिठो बोली र क्षणिक विश्वासमा नपर्नसमेत सचेत गराएको छ ।

'इजरायलमा विभिन्न रोजगार गरी बस्नुभएका नेपाली समुदायलाई आफ्नो परिश्रमको कमाई उचित वैधानिक माध्यमबाट आफ्नो देश पठाई विभिन्न खाले जोखिमहरूबाट टाढा रहन सबै प्रवासी नेपालीहरूमा यस राजदूतावास विशेष अनुरोध गर्दछ,' दूतावासले भनेको छ ।






**नुवाकोटको साततले दरबार** | चीन सरकारको सहयोगमा पुनर्निर्माण भइरहेको नुवाकोटको साततले दरबार । २०७२ वैशाख १२ को 'गोरखा भूकम्प'ले क्षति पुऱ्याएको साततले दरबारसहित यहाँका धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका १० वटा संरचनाको 'चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेज' मार्फत पुनर्निर्माण भइरहेको छ ।

*तस्बिरः रामहरि न्यौपाने/रासस*

# जलवायुसम्बन्धी एसिया प्रशान्त क्षेत्रस्तरीय सम्मेलन सुरु

**काठमाडौं (प्रस)–** पूर्वाधार विकासलाई दिगो तथा वातावरणमैत्री बनाउन नवीनतम् प्रविधिको उपयोग गरी जल, वातावरण, आवास, यातायात, पर्यावरण, पूर्वसूचना प्रविधिलगायत विशिष्टीकृत विषयमा परामर्श गर्न तीनदिने एसिया प्रशान्त क्षेत्रस्तरीय सम्मेलन सुरु भएको छ ।

सोसाइटी अफ कन्सल्टिङ आर्किटेक्चरल एण्ड इन्जिनियरिङ फर्म (स्काएफ) नेपालको आयोजनामा सुरु भएको सम्मेलनमा एसिया प्रशान्त क्षेत्रका २० भन्दा बढी देशका ५०० भन्दा धेरै प्रतिनिधिको सहभागिता छ । विश्वभरिका सम्पूर्ण परामर्शदाताको अन्तर्राष्ट्रिय संस्था (फिडिक)का अध्यक्ष क्याथरिन काराकात्सानिसले अजरबैजानको बाकुमा विश्व जलवायु सम्मेलन चलिरहेका बेला नेपालमा सुरु भएको एसिया प्रशान्त क्षेत्रस्तरीय यो सम्मेलन उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे । सम्मेलनबाट आउने निष्कर्षले आगामी दिनमा वातावरणको संरक्षणमा सहयोग गर्ने उनको भनाइ थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले वातावरणलाई सन्तुलितरूपमा कायम राख्दै दिगो पूर्वाधार विकासका काम गर्न सम्मेलनले दिशानिर्देश गर्ने बताए । सम्मेलनबाट आउने सुझावले सरकारलाई पनि सहयोग गर्ने उनको भनाइ थियो । नेपालमा संरक्षित ४६ प्रतिशत वनले वातावरणलाई सन्तुलित बनाउन सहयोग गरेको सचिव शर्माले सुनाए ।

फिडिकका एसिया प्रशान्त क्षेत्रीय अध्यक्ष शशीधर धवन, फिडिकका एसिया प्रशान्त क्षेत्रको बोर्ड सदस्य टंकलाल अधिकारी, नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह, आयोजक स्काएफका अध्यक्ष ठाकुरप्रसाद शर्मा, महासचिव कमल कार्की, उपमहासचिव एवं सम्मेलन निर्देशक मन्दाकिनी कार्कीलगायतले पूर्वाधार विकाससँगै वातावरणलाई पनि संरक्षित गरिनुपर्नेमा जोड दिएका थिए । यस्तो अन्तर्राष्ट्रिय सम्मेलन यसअघि सन् २००९ मा नेपालले आयोजना गरेको थियो ।

सम्मेलनमा सातवटा अलग-अलग विषयमा कार्यपत्र प्रस्तुतिसहित समूहगत छलफल हुने जनाइएको छ । प्राविधिक सत्रको यो कार्यक्रम मंगलबार र बुधबार हुने छ । कार्यक्रमको सारांश प्रतिवेदनका रूप्मा स्काएफ नेपालले सरकारसमेतलाई बुझाउने जनाइएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### सीमापार अपराध...

हाल ताप्लेजुङदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा छुट्याउने आठ हजार ५५३ सीमास्तम्भ छन् । ती सीमास्तम्भहरूको रेखदेख, संरक्षण र हराएका सीमास्तम्भ खोजीबारे पनि बैठकमा छलफल भएको जानकारी दिइएको छ ।

दुई वर्षअघिसम्म भारततर्फ सीमा कायम गर्ने दुई हजार ७१६ वटा सीमास्तम्भ गायब थियो । केही भेटिएर मर्मत गरिएको थियो । तर, अझै अधिकांशको खोजबिन हुन सकेको छैन । करिब एक हजार ६०० सीमास्तम्भ जीर्ण र करिब दुई हजार ९०० स्तम्भ सामान्य मर्मत गर्नुपर्ने अवस्थामा रहेका थिए ।

पछिल्लोपटक बिजोर अंकका स्तम्भ नेपाल र जोर अंक र ठूलो (जंगे) स्तम्भ भारतीय पक्षले मर्मत गर्ने सहमति भए पनि मर्मत कार्यले पूर्णता पाएको छैन । बैठकले सीमा सुरक्षालाई प्रभावकारी बनाउन र त्यसका लागि पिलर मर्मत र सुरक्षामा दुवै पक्षले सहकार्य गरेर अघि बढ्ने पनि सहमति भएको सशस्त्र प्रहरी प्रवक्ता थापाले बताए ।

उनले बैठकमा सीमा सुरक्षाका अतिरिक्त नेपाल-भारत सीमामा लागुऔषध औसारपसार, साना हतियार तस्करी, मानव बेचबिखन, अनौपचारिक व्यापारलगायतका विषयमा दुई संगठनले सहकार्य गर्दै आएका छन् । नेपाली सीमा सुरक्षा बल सशस्त्र झण्डै ३७ हजारको संख्यामा करिब १५ हजार जनशक्ति सीमामै खटिएका छन् ।

यस्तै, बैठकबाट ११ वटा साझा एजेन्डा अनुमोदन भएको छ । साझा एजेण्डामा दुवै पक्षबाट संयुक्त हस्ताक्षर रहेको प्रवक्ता थापाले बताए । बैठकले सीमा सुरक्षा समन्वय बैठक वर्षमा एक पटक आलोपालो हुँदै आएकोमा अबदेखि वर्षमा दुईपटक आलोपालो गर्ने सहमति पनि भएको छ ।

यसबाहेक तेस्रो देशका नागरिकको गैरकानुनी घुसपैठले निस्तेज पार्न दुवै सुरक्षा संगठन सहमत देखिएका छन् । यसअघि नेपालमा भारतीय बाटो हुँदै सयौंको संख्यामा रोहिङ्ग्या शरणार्थी आएका थिए ।

एक सय दिनअघि बंगलादेशमा त्यहाँको विद्यार्थी आन्दोलनले विस्थापित भएकाहरू पनि भारतको बाटो हुँदै नेपाल आएका थिए । यसलाई दुवै देशले समस्याको रूपमा स्वीकारेका छन् । तेस्रो देशका नागरिकलाई जसरी पनि रोक्न दुवै संगठनका प्रमुख तयार भएका छन् ।

नेपालमा म्यान्मारका रोहिन्ज्याबाहेक पाकिस्तानी अहमदिया, बंगलादेश, श्रीलंकासहित विभिन्न अफ्रिकी देशका शरणार्थीहरू छन् । सरकारले भुटानी र तिब्बतीलाई शरणार्थीलाई त दर्जा नै दिइसकेको छ ।

यसबाहेक नेपाल र भारतबीच घरिघरी बल्झिने सीमा समस्या हो । यसलाई सम्बोधन गर्न नेपालतर्फ सशस्त्र प्रहरीका २४४ स्थानमा सीमा सुरक्षार्थ बिओपी तैनाथ छन् । भारततर्फ ४०० भन्दा बढी स्थानमा एसएसबीका युनिट छन् ।

अब भने सशस्त्र प्रहरीले भारतीय एसएसबीलाई विपद्सम्बन्धी तालिम दिने भएको छ । सीमा क्षेत्रमा आगलागी र पानीजन्य प्रकोपको व्यवस्थापन तथा खोज उद्धारका लागि दुवै पक्षले संयुक्त रूप्मा काम गर्ने सहमति भएको छ । हाल भइरहेको संयुक्त सीमा गस्तीलाई बढाएर काममा प्रभावकारिता बढाउने पनि सहमति भएको छ ।

■■■

### अर्थमन्त्री बन्न...

सोमबार साँझ प्रधानमन्त्री ओलीसँग भेट्न देउवा बालुवाटार पुगेको प्रधानमन्त्रीको सचिवालयको दाबी थियो । यसबारे बुझ्दा देउवाका स्वकीय सचिव भानु देउवाले भने कुनै भेट नभएको बताए । 'सभापतिज्यू घरमै हुनुहुन्छ । बालुवाटार जानुहुन्न । जाने कुनै कार्यक्रम पनि छैन,' सोमबार साँझ उनले प्रभावसँग भने ।

सरकार हेरफेरको विषयमा कुनै छलफल नभएको प्रधानमन्त्रीको सचिवालयले जनायो । 'बाहिर हल्ला चलाएजस्तो मन्त्रिपरिषद् हेरफेरको कुनै तयारी छैन । हरेक मन्त्रीसँग प्रधानमन्त्रीले कार्ययोजना सम्झौता गर्नुभएको छ । त्यहीअनुसार धमाधम काम हुँदै छ,' प्रधानमन्त्री सचिवालयले जनायो । देउवा आफैं पनि अहिले नै मन्त्री हेरफेरको पक्षमा नरहेको बालुवाटार स्रोतको दाबी रहयो । देउवानिकट स्रोतले भने महामन्त्री थापा आफैंले मन्त्री बन्नका लागि चर्चा चलाउने गरेको आरोप लगाए ।

यसअघि शुक्रबारमात्र पर्यटन मन्त्रालय पुगेर थापाले हवाई क्षेत्रमा भइरहेको अनियमितताबारे आफ्नै सहमहामन्त्री बद्री पाण्डेको ध्यानाकर्षण गराएका थिए । मन्त्री पाण्डे पछिल्लोपटक क्यासिनो लाइसेन्सका कारण विवादमा छन् । उनलाई कांग्रेसकै सांसद राजेन्द्र बजगाईंले भ्रष्टचार गरेको आरोप लगाएका हुन् ।

■■■

### पूर्वसभामुख ढुंगानाको...

प्रधानमन्त्री, सभामुख, नेपाली कांग्रेसका सभापतिसहित विभिन्न राजनीतिक दलका नेता सानो गौचरन पुगेर उनीप्रति श्रद्धाञ्जली प्रकट गरे । नेपाल सरकारले सोमबार नै उनको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको थियो । उनको योगदानको सम्मान गर्दै सरकारले सोमबार सार्वजनिक बिदासमेत दिएको थियो ।

नेपालमा बहुदलीय व्यवस्था, लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा जीवनपर्यन्त वकालत गरिरहेका ढुंगानाले मुलुकमा विगतको माओवादी सशस्त्र द्वन्द्व अन्त्य गरी शान्ति बहाली गर्नसमेत महत्त्वपूर्ण भूमिका निर्वाह गरे । राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसंगतिबारे स्पष्ट र खरो रूप्मा प्रतिक्रिया दिँदै आएका उनी संविधान तथा कानुनका ज्ञाता थिए ।

वि.सं. २०४८ मा काठमाडौं निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उनी प्रतिनिधिसभाको सभामुख बनेका थिए । नेपालको संसदीय व्यवस्था र प्रजातान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न उनले ठूलो योगदान छ । वि.सं. २०४७ को संविधान निर्माणका लागि गठित आयोगको सदस्यसमेत रहेका ढुंगाना मुलुकमा अहिले देखिएको राजनीतिक अस्थिरताको अन्त्य गर्दै संघीयतालाई सबल बनाउन वर्तमान संविधान संशोधनका लागि कानुनका ज्ञाता र राजनीतिक व्यक्तित्वसँग छलफल चलाउँदै आएका थिए ।


**साउदीमा रोजगार** कम्पनी : Teqniye Al-Mayyah For Environmental Services

पूर्व स्वीकृति मिति : २०८१/०७/३० LT. No. . 313696 चलानी नं. ६०२२८२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 3 | 0 | 1100 | ३९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Business Plus co. for Technical Support Services

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ LT. No. 313818 चलानी नं. ६०२२८२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Window Cleaner | 9 | 0 | 2200 | ७९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०

BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



**युएइमा रोजगार** कम्पनी : MABDE TRADING LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ LT. No. 313812 चलानी नं. ६०२२८२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४४,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 1000 | ३६,७१५ | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 4 | Steal Fixer | 50 | 5 | 1200 | ४४,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN AND COMPANY PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170,
Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com, Website : www.sunandcom.com

श्रम ईजाजत नं. १६४/०५६/०५७



**साउदीमा रोजगार** कम्पनी : Hadi Saleh Al Haider and Partners Company Al Haider Contracting Company

पूर्व स्वीकृति मिति : २०८०/०९/२८ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/०२ LT. No. 297793 चलानी नं. ६०२२१२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 3 | 0 | 2500 | ८९,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Cable Connecter | 3 | 0 | 1600 | ५७,४२५ | | | | | | | |
| 3 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**कतारमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : SHERATON GRAND DOHA RESORT & CONVENTION HOTEL, QATAR

पूर्व स्वीकृति मिति : २०८०/०७/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ LT. No. 294889 चलानी नं. ६०२०९९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Service | 4 | 9 | 1800 | ६६,३९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hotel Service | 5 | 0 | 1700 | ६२,७०० | | | | | | | |
| 3 | Hotel Services | 2 | 0 | 2350 | ८६,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ६ गते (21st Nov. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७



**कतारमा रोजगार** कम्पनी : Amwaj Almsela Trading and Contracting

पूर्व स्वीकृति मिति : २०८०/१२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ LT. No. 301663 चलानी नं. ६०२१६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1000 | ३६,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1800 | ६६,३९० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 2500 | ९२,२१० | | | | | | | |
| 4 | General Clean Worker | 0 | 2 | 2500 | ९२,२१० | | | | | | | |
| 5 | Labour | 10 | 0 | 2500 | ९२,२१० | | | | | | | |
| 6 | Mason | 7 | 0 | 1800 | ६६,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ५ गते (20th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



**युएईमा रोजगार** कम्पनी : Al Nile Al Dhahabi Technical Services L.L.C-branch Of Abu Dhabi 1

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ LT. No. 313846 चलानी नं. ६०२२८२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaners | 2 | 0 | 800 | २९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 3 | Decoration Painter | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 4 | Decorator | 3 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 5 | Drilling Operator | 5 | 0 | 1500 | ५५,०७५ | | | | | | | |
| 6 | Spray Painters | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 7 | Steel Fixer | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 8 | Windows Cleaner | 2 | 0 | 800 | २९,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kasturi International Service Pvt. Ltd.
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com
Govt. License 128/055/56



लुम्बिनी प्रदेश सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

**जलस्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालय**

तुल्सीपुर, दाङ्ग

**सिलबन्दी दरभाउपत्र र वोलपत्र स्वीकृतका लागी छनौट गरिएको आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/०४**

जलस्रोत तथा सिंचाइ विकास डिभिजन, दाङ्ग सूचना मिति २०८१/०६/२० को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका शिलबन्दी दरभाउपत्र र वोलपत्रहरुको मुल्याङ्कन गरी मुल्याङ्कन समितिबाट सिफारिस भई यस जलस्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालयको मिति **२०८१/०८/०२** को निर्णय अनुसार तपसिल बमोजिमका बोलपत्रदाताहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सिलबन्दी दरभाउपत्र र वोलपत्र स्वीकृतको लागी छनौट गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नम्बर | कार्यको विवरण | छनौट भएको सिलबन्दी दरभाउपत्र र वोलपत्रदाताहरुको नाम | कवोल अकं (भ्याट सहित) रु. |
|---|---|---|---|---|
| 1 | IFB/WRIDD-DANG/ SQ-01/081-82 | Construction of Gabion Embankment at Arjun Khola, Lamahi-06, Dang | Kali Devi Construction and Suppliers Pvt Ltd Gadhawa-7, Dang | 10,15,893.31 |
| 2 | IFB/WRIDD-DANG/ SQ-02/081-82 | Construction of Gabion Revetment at Bhaldondre Khola, Gadhawa-04, Dang | Suresh KC Nirman Sewa, Shantipur, Dang | 7,93,340.32 |
| 3 | WRIDD-DANG/ WORKS/ NCB-01/081-82 | Construction of Gabion Revetment at Kali Khola Jalkundi, Lamahi-09, Dang | Rijan Construction Janaki Rural Municipality-03, Banke | 13,51,785.35 |
| 4 | WRIDD-DANG/ WORKS/ NCB-02/081-82 | Construction of Gabion Revetment Works at Ramnagar Lauri Rihar, Lamahi-09, Dang | Modern Multipurpose Solution Pvt. Ltd, Banglachuli Rural Municipality-02, Dang | 24,35,061.68 |
| 5 | WRIDD-DANG/ WORKS/ NCB-03/081-82 | Constrcution of Gabion Embankment at Supaila and bhaldondre khola, Gadhawa-05, Dang | Bharati debi Nirman Sewa, Gadhawa-03, Dang | 15,09,128.70 |
| 6 | WRIDD-DANG/ WORKS/ NCB-04/081-82 | Constrcution of Gabion Embankment at Sikrahawa and Tallo Madapur Khabari khola, Gadhawa-06&7, Dang | Barsha Construction and Suppliers Pvt. Ltd., Gadhawa-01,Dang | 18,11,182.70 |

**डिभिजन प्रमुख**

# पूर्वसभामुख ढुंगानाको बिदाइ...













१) काठमाडौंको ज्ञानेश्वरस्थित सानो गौचरनमा सोमबार पूर्वसभामुख दमननाथ ढुंगानाको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै सर्वसाधारण ।

२) पूर्वसभामुख ढुंगानाको पार्थिव शरीर दाहसंस्कारका लागि सानो गौचरनबाट पशुपति आर्यघाटमा लगिँदै ।

३) पूर्वसभामुख ढुंगानाको पार्थिव शरीरमा सोमबार पशुपति आर्यघाटमा दागबत्ती दिँदै छोराहरु ।

४) पशुपति आर्यघाटमा पूर्वसभामुख ढुंगानाको दाहसंस्कारका क्रममा शोक सलामी अर्पण गर्दै नेपाली सेनाको टुकडी ।

*तस्बिरहरू: रत्न श्रेष्ठ/रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना !**

यस कार्यालयमा मिति २०७३/०३/१० मा दर्ता भएको **प्रा.लि.नं.१५१३६०** को **न्यू मुनाल निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना !**

यस कार्यालयमा मिति २०७८/०६/०१ मा दर्ता भएको **प्रा.लि.नं.२७२३०९** को **ई.ए.एस.वाई.सोलुसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना !**

यस कार्यालयमा मिति २०७६/११/०५ मा दर्ता भएको **प्रा.लि.नं. २३४७६५** को **होटल मिथिला पवन एण्ड पार्टी प्यालेस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/०४**

यस कम्पनीको मिति २०८१/०७/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **शिपशेप सर्भिसेस्** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **शिपशेप भेन्चर्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **शिपशेप भेन्चर्स** (प्रा.लि.नं.२३८४१३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/०४**

यस कम्पनीको मिति २०७८/११/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एल एन टि इन्फोटेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हेप्पी नेट प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/११/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हेप्पी नेट प्रा.लि.** (प्रा.लि.नं.१७०९४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कतारमा रोजगार
कम्पनी : Ramtec Trading & Contracting
पूर्व स्वीकृति मिति : २०८१/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 304348 | चलानी नं. ६०२१९१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1100 | ४०,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plaster Worker | 1 | 0 | 1100 | ४०,५७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, Mob: 9848070440,9801969508.9841854820,9816031070
E-mail : doc.confident@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## कतारमा रोजगार
कम्पनी : Mango Supermarket
पूर्व स्वीकृति मिति : २०७९/११/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 282381 | चलानी नं. ६०१९७८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 3 | 0 | 1500 | ५५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**Career International Services (P.) Ltd.**
License No.: 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## युएइमा रोजगार
कम्पनी : E S GLOBAL LOGISTICS LLC
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313744 | चलानी नं. ६०२२८२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Freight Handler | 20 | 0 | 1200 | ४४,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Najiba Hashem Bin Youssef Al-hussein Al - Ahmad Contracting Est.
पूर्व स्वीकृति मिति : २०८१/०३/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 306547 | चलानी नं. ६०२२१३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## युएइमा रोजगार
कम्पनी : Jayameenal Technical Works L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313825 | चलानी नं. ६०२२८२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 2 | 0 | 1100 | ४०,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason / Mason | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 5 | Steal Fixer | 4 | 0 | 1200 | ४४,०६० | | | | | | | |
| 6 | Stone Mason | 2 | 0 | 1200 | ४४,०६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Govt. License No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## युएईमा रोजगार
कम्पनी : dubai royal palaces hospitality llc
पूर्व स्वीकृति मिति : २०८०/११/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 301571 | चलानी नं. ६०२१६४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 30 | 30 | 1500 | ५५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 0 | 5 | 2000 | ७३,४३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## युएईमा रोजगार
कम्पनी : PROWORKS RECRUITMENT SERVICES
पूर्व स्वीकृति मिति : २०८०/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/०३ | LT. No. 303230 | चलानी नं. ६०२१८०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 200 | 0 | 800 | २९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**
**Sunsari Multiple Training Center Itahari-04 sunsari मा मिति: २०८१ मंसिर १२ गते (27th Nov. 2024) मा हुनेछ । सम्पर्क: ९८०२७१२०००/९८११३७९९९०**
**नोट: महिला पुरुष Cleaner को पनि माग भई आएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।**

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५

## साउदीमा रोजगार
कम्पनी : Zarqa National General Contracting Company
पूर्व स्वीकृति मिति : २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 303261 | चलानी नं. ६०२१६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 26 | 0 | 1000 | ५३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 3 | 0 | 1800 | ७१,०७० | | | | | | | |
| 3 | Maintenance Supervisor | 5 | 0 | 2500 | ४२,६४५ | | | | | | | |
| 4 | Occupational Health And Safety Supervisor | 3 | 0 | 2500 | ५३,३०५ | | | | | | | |
| 5 | Road Construction Supervisor | 2 | 0 | 2500 | ६३,९६५ | | | | | | | |
| 6 | Truck Driver | 2 | 0 | 1800 | ४२,६४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

## युएइमा रोजगार
कम्पनी : AL DAR AL MUBARAK CLEANING SERVICES
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. . 313817 | चलानी नं. ६०२२८२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 100 | 0 | 1200 | ४४,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SUPREMO CLEANING SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313816 | चलानी नं. ६०२२८२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Male) | 27 | 0 | 1000 | ३६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।**

**M.B. HUMAN RESOURCE PVT.LTD.**
Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com

## बीमालेख हरायो
मिति २०७८/०६/२० गते, बारा जिल्ला जितपुरबाट मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रविन्द्रनाथ पराजुली**
**बीमालेख नं : ६२१५००१७५१४**
**Asian Life Insurance Ltd.**
**ठेगाना : बारा**
**सम्पर्क नं : ९८४४९८२८३८**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना
यस **Future Tech International Pvt. Ltd.** कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9040 BLK IF | N/A | INDIA | PCS | 10,200.00 | 11,420.00 | |
| 2 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9042 BLK FL | N/A | INDIA | PCS | 9,800.00 | 10,980.00 | |
| 3 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9051 BLK IF | N/A | INDIA | PCS | 9,700.00 | 10,870.00 | |
| 4 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9042PB BLK IF | N/A | INDIA | PCS | 9,000.00 | 10,100.00 | |
| 5 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 7542 BLK FL | N/A | INDIA | PCS | 9,300.00 | 10,430.00 | |
| 6 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 7551 BLK IF | N/A | INDIA | PCS | 9,100.00 | 10,210.00 | |
| 7 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 6042 BLK IF | N/A | INDIA | PCS | 8,800.00 | 9,880.00 | |
| 8 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 6051 BLK IF | N/A | INDIA | PCS | 8,500.00 | 9,550.00 | |
| 9 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 6087 BLK FL | N/A | INDIA | PCS | 8,900.00 | 9,990.00 | |
| 10 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9060 BLK BF | N/A | INDIA | PCS | 15,400.00 | 17,140.00 | |
| 11 | KITCHENHOOD CHIMNEY | N/A | ULTRAMAX | 9015 BLK BF | N/A | INDIA | PCS | 6,700.00 | 7,570.00 | |

बिक्रेताको फर्मको नाम: **Future Tech International Pvt. Ltd.** | स्थायी लेखा नं: **609884706**
ठेगाना: **Sundhara-11, Kathmandu, Nepal** | फोन नं: **9841416792**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ढिलासुस्तीमा ओली सरकारको रेकर्ड

पूर्वसभामुख दमननाथ ढुंगानाको सम्मानमा सरकारले सोमबार सार्वजनिक बिदा दिने निर्णय गऱ्यो । आइतबार मध्याह्न निधन भएका ढुंगानाप्रति सम्मान व्यक्त गर्दा सरकारले समयको भने ख्याल गरेन । मन्त्रिपरिषद्को बैठक सोमबार बिहान साढे ७ बजेका लागि बोलाइएको थियो । तर, प्रधानमन्त्री केपी शर्मा ओली आफैं ढिला उपस्थित हुँदा ९ बजेमात्र बैठक सुरु भयो । मन्त्रिपरिषद्ले ढुंगानाको निधनमा गरेको निर्णय सार्वजनिक हुँदा साढे ९ बजिसकेको थियो ।

जुन सूचना कर्मचारीले कार्यालय हिँड्नअघि पाएका थिएनन् । जब कार्यालय पुगे तबमात्र कर्मचारीले बिदाको सूचना पाए । हाजिरी गरिसकेका कर्मचारी काम गर्ने कि बिदामा जाने भन्नेमा अलमलमा परे । यद्यपि, सरकारले शोक मनाउने निर्णय गरेकोले कर्मचारी कार्यालयबाट निस्कन बाध्य बने । एकाध कार्यालयले ढिलासुस्तीको विरोध गर्दै कार्यसम्पादन सकायो ।

अहिले सरकारको नेतृत्वमा छन् नेकपा एमालेका अध्यक्ष ओली । बिदाको निर्णय लिन पनि सरकारले यति ढिला गर्छ भने अरु काममा कति ढिलासुस्ती भइरहेको होला ? गत असोज दोस्रो साता अविरल वर्षका कारण बाढीपहिरो आउँदा पनि उद्धारमा सरकारले ढिलासुस्ती गरेको घटना सेलाउन नपाउँदै सरकार अर्को खराब 'रेकर्ड' बनाउन सफल भएको हो ।

ओली नेतृत्वको सरकार अहिले कार्यसम्पादन सम्झौतामा फोटो खिचाउने होडबाजीमा छ । मन्त्रालयका सचिवसँग कार्यसम्पादन सम्झौतामा फोटो खिचाउने, विवादित व्यक्ति विजय शाहीको कार्यक्रममा सहभागी हुन जानेजस्ता रेकर्ड पनि अहिलेका मन्त्रीले बनाएका छन् । सरकारले के गर्ने, कसो गर्ने हो ? केही टुंगो नलाग्दा अचेल सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पनि दिनदहाडै सुनसान देखिन्छ । काम नपाउँदा मन्त्रीहरूमाथि केही गर्न नसकेको आरोपको अर्को रेकर्ड छ ।

त्यसो त प्रधानमन्त्री आफैंले केही काम गर्न सकेको देखिन्न । किनकि छिमेकीले ओलीलाई पत्याएका छैनन् । जसले गर्दा चित्त दुखेर पनि हुनसक्छ, प्रधानमन्त्री ओली काममा त्यति जोसिला देखिएका छैनन् । काम नगर्ने भनेर चर्चा पाएका मन्त्रीलाई निकालेरै भए पनि काम देखाउने तयारी पनि ओलीले नगरेका होइनन् । तर, गठबन्धनका सहयात्री दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले 'ग्रिन सिग्नल' नदिँदा ओली अड्किएका छन् । वास्तवमा ओलीलाई अहिले निकै अप्ठेरो देखिन्छ, न त छिमेकीले पत्याए न त आफ्नै मन्त्रिपरिषद्का सदस्यहरूले । सायद यसरी नै होला, सरकारले ढिलासुस्तीमा एकपछि अर्को रेकर्ड बनाउन थालेको ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमश :

# ऊर्जामैत्री भवन निर्माणमा नीतिगत प्रस्थान



■ कृष्ण अधिकारी

राष्ट्रिय जनगणना २०७८ अनुसार वर्षमा करिब एक लाख २० हजार नयाँ घर बन्ने गरेको सन्दर्भमा अब बन्ने जस्तोसुकै घर वा भवनहरू ऊर्जा दक्षतायुक्त हुनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । केही स्थानीय तहहरूले यससम्बन्धी मापदण्ड तयार गरी लागू गरे पनि सहरी विकास मन्त्रालयले राष्ट्रियस्तरमै ठोस नीति नियम र मापदण्ड तर्जुमा गर्नुपर्ने देखिन्छ । यसमा तीनै तहका सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ ।

जाडोयाम सुरु हुन लागेसँगै चिसोबाट बच्न घर, कार्यालय वा अन्य व्यावसायिक भवनहरू तातो राख्न ऊर्जाको खपत बढी हुने गर्दछ । जलवायु परिवर्तनका कारण बर्सेनि गर्मीमा अत्यधिक गर्मी र जाडोमा पनि निकै जाडो हुने क्रम बढ्दै गर्दा जननीवन कष्टकर हुने गरेकाले मानिसले अधिकांश समय बिताउने घर, कार्यालय वा व्यावसायिक भवनहरू जलवायुमैत्री हुनुपर्ने आवश्यकता महसुस हुन थालेको छ ।

विश्वव्यापीरूपमै यस्ता जलवायुमैत्री तथा हरित भवनहरूको निर्माण हुने क्रम बढेसँगै नेपालमा पनि यसतर्फ ध्यान दिनु जरुरी ठानिएको छ । नेपालमा नमूनाको रूपमा केही भवनहरू निर्माण भए पनि अझै सरकारीतर्फबाट आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना र जनस्तरमा प्रचारप्रसारको अभावमा त्यस्ता भवनहरूको निर्माण हुन सकेका छैनन् । अजरवैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै सहज जीवनयापनमा विश्वका लागि ऊर्जामैत्री भवन निर्माणका बारेमा पनि बहस हुन आवश्यक छ । दिगो विकास लक्ष्यअनुरूप न्यून कार्वन उत्सर्जनका लागि यो भरपर्दो माध्यम हुने भएकाले विज्ञहरू नीगित व्यवस्थाका लागि ठोस निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ ।

सामान्यत: एकपटक निर्माण गरिएका घर कम्तीमा एक पुस्ताभन्दा बढीले उपभोग गर्ने हुँदा त्यस्ता स्थायी संरचना निर्माण गर्दा जलवायु अनुकूल बनाउन आवश्यक हुन्छ । भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकूल हुनुपर्ने कानुनी व्यवस्था रहे पनि त्यससँगै जलवायुमैत्री बनाउनेतर्फ पनि ध्यान दिन उत्तिकै आवश्यक रहेको विज्ञहरूको भनाइ छ । गोरखा भूकम्पपछि भवन संहिताको कार्यान्वयनतर्फ ध्यान गए पनि त्यसपछि निर्माण गरिएका सरकारी, निजी वा व्यावसायिक भवनहरू जलवायुमैत्री नहुँदा बस्नयोग्य देखिँदैनन् । तराई, पहाड र हिमाली क्षेत्रमा निर्माण गरिएका भवनहरू एकैखालका हुँदा स्थानीय जलवायु अनुकूल नभएकाले भवनभित्रको तापक्रम अनुकूल नभएको मात्र होइन, उज्यालो र कोठा तताउन दाउरा, विद्युतीय वा एलपी ग्यास प्रयोग हुने हिटर, एसी वा चिस्याउन एसी, कुलर आदिको अधिक प्रयोग गर्नुपर्ने अवस्था छ ।

### स्थानीय तह अगाडि

ऊर्जा दक्षतायुक्त भवन निर्माणमा संघीय र प्रदेश सरकारभन्दा स्थानीय तह अगाडि बढेको छ । हालसम्म विभिन्न १२ वटा स्थानीय तहले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा गरी आफ्नो पालिकालाई ऊर्जामैत्री मात्र बनाएका छैनन्, संघीय सरकारलाई पनि उपयुक्त कानुनी संरचना तयार गर्न दबाब दिएका छन् । हालसम्म पोखरा महानगरपालिका, काभ्रेको धुलिखेल नगरपालिका, काठमाडौंको चन्द्रागिरि नगरपालिका, दाङको घोराही उपमहानगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिका, रामेछापको मन्थली नगरपालिका र मुस्ताङको बारागाउँ मुक्तिनाथ गाउँपालिकाले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी अलग्गै कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन्। त्यस्तै भक्तपुरको चाँगुनारायण नगरपालिका, हेटौंडाको हेटौंडा उपहानगरपालिका र मनहरि गाउँपालिका, दोलखाको भीमेश्वर नगरपालिका र बर्दियाको ठाकुरबारा नगरपालिकाले भने कार्यविधि बनाई ऊर्जा प्रभावकारी भवनसम्बन्धी प्रावधान समेटेर त्यसअनुसार ऊर्जा दक्ष भवन मापदण्ड २०८० कार्यान्वयनमा ल्याएका छन् । पालिकामा भवन निर्माण गर्न सुरु गरेका छन् । अन्य केही पालिकाहरूले पनि कानुन तथा मापदण्ड तयार गर्ने क्रममा रहेका छन् ।

धुलिखेल नगरपालिकाले ऊर्जा दक्षतासम्बन्धी नीतिसमेत ल्याएको छ भने नगरपालिकालाई जिरो कार्बन, अपांगतामैत्री, हरित ऊर्जायुक्त हरित एवं स्वस्थ सहरको रूपमा विकास गर्न लागेको जनाएको छ । नगरपालिकाले यसै मापदण्डअनुसार वडा नं ३ को वडा भवन ऊर्जामैत्री बनाउन सुरु गरिसकेको छ । पोखरा महानगरपालिकाले केही महिनाअघि ऊर्जा दक्ष भवन मापदण्डलाई पारित गरेको थियो । बढ्दो सहरीकरण र जनसंख्याको चापलाई मध्यनजर गर्दै पोखरा महानगर क्षेत्रभित्र गरिने निर्माणसम्बन्धी मापदण्डलाई समय सापेक्षरूपमा परिमार्जन तथा संशोधन गर्ने क्रममा महानगरपालिका १३औं नगरसभाबाट मापदण्ड लागू गर्ने निर्णय गरेको थियो । महानगरले सुरुमा सरकारी भवनहरू निर्माणमा यो प्रविधि लागू गरेको र क्रमश: निजी घर निर्माण गर्नेहरूलाई पनि समेट्ने जनाएको छ ।

ललितपुर महानगरपालिकाले पनि केही महिनाभित्रै भवनको ऊर्जा दक्षतासम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने भएको छ । भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई ऊर्जा प्रभावकारी तथा वातावरणमैत्री बनाउनेगरी मापदण्ड ल्याउने गरी महानगरपालिकाले गृहकार्य गरेको छ । सुरुमा सरकारी तथा संस्थागत भवनहरूको हकमा अनिवार्य तथा व्यक्तिगत भवनको हकमा ऐच्छिक रूपमा लागू हुने बताइएको छ ।

यता काठमाडौं महानगरपालिकाले पनि छिट्टै ऊर्जा दक्ष भवन मापदण्ड ल्याउने तयारी गरिरहेको छ । काठमाडौंजस्तो घनावस्ती रहेको सहरको भौगोलिक, सांस्कृतिक र ऊर्जाको बढी खपत हुने महानगरपालिकामा हरित भवनको महत्त्व झन् धेरै रहेकाले भवन निर्माण मापदण्डमा ऊर्जा प्रभावकारिता कायम गर्ने गरी नयाँ प्रावधान समावेश गर्ने जनाइएको छ । यसरी विभिन्न स्थानीय तहहरूले ऊर्जा दक्षताबारे मापदण्डलाई कार्यान्वयनमा ल्याउन थालेका छन् । न्यून तापक्रम हुने उच्च हिमाली वा पहाडी क्षेत्रमा निर्माण भएका भवनलाई तताउन र तराई क्षेत्रमा निर्माण भएका भवनलाई चिसो बनाउनका लागि अधिक ऊर्जा खपत हुने गरेको हुँदा घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनुपर्ने हुन्छ ।

### केही कानुनी व्यवस्थाहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) देहाय ६. को (५) संघीय तथा प्रदेश कानुनको अधीनमा रही सहरी विकास, वस्ती विकास र भवनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, पहिचान, अध्ययन, कार्यान्वयन र अनुगमन गर्न सकिने व्यवस्था छ । ऐनमा राष्ट्रिय भवन संहिता तथा मापदण्डबमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन गर्ने तथा राष्ट्रिय भवन संहिताभित्र रही थप मापदण्डहरू (उचाइ, सेटब्याक, छत, मोहडा, निर्माण सामग्रीको प्रकार, महत्त्वपूर्ण वस्ती वा भवनका लागि रंग वा कालिगढ) लागू गर्न सकिने व्यवस्था छ ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माण गरिने उल्लेख छ । संघ, प्रदेश र स्थानीय तहबाट हुने भवन निर्माणमा जलवायु अनुकूलन तथा ऊर्जा दक्षता अभिवृद्धिमा जोड दिइएको छ । १६औं पञ्चवर्षीय योजनाले पनि: हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रमअन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूलाई हरित परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने, निजी आवास, उद्योग व्यवसायमा ऊर्जा दक्षता बढाउनुका साथै कार्बन उत्सर्जन कम गर्न तथा अनुकूलता बढाउनका लागि लगानीमा सहुलियत प्रदान गर्ने उल्लेख छ । हरित तथा दिगो भवनमा मोहडा, ऊर्जा दक्षता, निर्माण सामग्री, नवीकरणीय ऊर्जा, आकासे पानीको व्यवस्थापन, फोहोरमैलाको उचित व्यवस्थापन र घरभित्रको वायुको गुणस्तरमा ध्यान दिइएको हुन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार वर्षमा करिब एक लाख २० हजार नयाँ घर बन्ने गरेको सन्दर्भमा अब बन्ने जस्तोसुकै घर वा भवनहरू ऊर्जा दक्षतायुक्त हुनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । केही स्थानीय तहहरूले यससम्बन्धी मापदण्ड तयार गरी लागू गरे पनि सहरी विकास मन्त्रालयले राष्ट्रियस्तरमै ठोस नीति नियम र मापदण्ड तर्जुमा गर्नुपर्ने देखिन्छ । यसमा तीनै तहका सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ । तीनै तहका सरकारहरूबीच समन्वय भई ऊर्जा दक्षताको विषयलाई नीतिगतरूपमै व्यवस्था गरी कुनै पनि भवनहरू निर्माण गर्ने संरचना विकास गर्नु आवश्यक छ ।

### बिन परियोजना कार्यान्वयन

घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनु आवश्यक हुन्छ । ऊर्जाको दक्षतापूर्ण प्रयोग बढाउन निर्माण हुने घर तथा भवन डिजाइनमा ध्यान दिनुपर्ने एक अध्ययनले देखाएको छ । युरोपियन युनियनअन्तर्गत स्वीच एसिया कार्यक्रमको अनुदानमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बिन) द्वारा घर तथा भवन निर्माणमा हुने ऊर्जा खपतबारे गरिएको अध्ययन प्रतिवेदनमा ऊर्जामैत्री भवन बनाउन सकिएमा आर्थिक, वातावरणीय र स्वास्थ लाभ लिन सकिने उल्लेख छ । यसमा बढ्दो सहरीकरण र बजार मागअनुसार भवनको डिजाइन कसरी गर्नेदेखि स्थानीय जलवायु, बढ्दो ऊर्जा खपतलगायतलाई विषयलाई समेटिएको छ । परियोजनाले ऊर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्न वित्तीय स्रोतमा पहुँच पुऱ्याउने उद्देश्यले वाणिज्य बैंकहरूसँगको साझेदारीमा वित्तीय साधनको विकास गरी ऊर्जा प्रभावकारी भवन निर्माण क्षेत्र र वाणिज्य बैंकहरूबीच सम्बन्ध स्थापना गरेको छ । त्यस्तै ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राविधिक सहयोग गरेअनुसार हालसम्म १२ वटा पालिकाले कार्यविधि र कानुनको तर्जुमा गरिसकेका छन् भने बाँकी पालिकाहरूले पनि गृहकार्यमा गरिरहेका छन् ।

मार्च २०२२ देखि फेब्रुअरी २०२६ सम्म कार्यान्वयनमा रहने यस कार्यक्रमले हालसम्म सार्वजनिक १९ र निजी १०९ वटासमेत गरी १२८ वटा ऊर्जा दक्षतायुक्त भवन निर्माणमा प्राविधिक सहयोग गरिसकेको छ । ती भवनहरू ललितपुर, धुलिखेल, पोखरा, बुटबल, भरतपुर, नेपालगञ्ज र तुल्सीपुरमा निर्माण भएका हुन् । साथै, ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राविधिक सहयोग गरेको छ । एकातिर दिगो विकास लक्ष्य अनुरूप न्यून कार्वन उत्सर्जन गर्ने ऊर्जा प्रभावकारी भवन निर्माण गर्न आवश्यक छ भने दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरणका लागि पनि ऊर्जा दक्षतायुक्त भवन निर्माणमा जानैपर्ने देखिन्छ । कुनै परियोजनाले गर्ने भनेको यसको सम्भावनाको खोजी गर्ने, प्राविधिक र आर्थिक सहयोग गरी नमूना प्रस्तुत गराउनेसम्म मात्रै हो, बाँकी त्यसलाई नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने भनेको सरकार र समुदायमै निर्भर हुने गर्दछ ।

*(लेखक राससका विचार तथा आलेख सम्पादक हुन्)*




▸▸ वैकुण्ठ भण्डारी

# सरकारको काम !

आइतबार दिउँसो पूर्वसभामुख दमननाथ ढुंगानाको निधनको पुष्टि गर्दै कसैले सामाजिक सञ्जालमा सन्देश प्रकाशन गऱ्यो । केही समयपछि डिजिटल पत्रिकामा प्रकाशन भए । त्यसैलाई देशदेखि विदेशसम्मकैले कपी पेस्ट गर्न भ्याए ।

राजनीतिज्ञ, कानुनकर्मी, मानवअधिकारकर्मी र नेपालको संसद्लाई प्रतिपक्षको बलियो स्थान बनाउने योद्धाका रूपमा चित्रण गर्न थालियो । ढुंगानाको निधन एक कान, दुई कान, मैदान भैगो । अझ अरुले लेखिदिएको समाचारलाई स्मार्ट मोबाइलमा भिडियो खिचेर टिकटक, रिलदेखि युटचुब चलाउनेहरूले त अझ सनसनीजस्तै बनाइहाले ।

प्रजातान्त्रिक आन्दोलनका एक सिपाही । कांग्रेसभित्रका महत्त्वपूर्ण मान्छे। ४६ सालमा युवाहरूलाई अगाडि जिन्दावाद र मुर्दावादको नारा घन्काउँदै चाबहिल, चुच्चेपाटी गर्दै पञ्चायतका विरुद्ध फन्को मार्ने व्यक्ति भन्दै चाबहिल गणेशस्थानको पूर्वपट्टिको गल्लीमा रहेको चियापसलमा झुस्स दारी पालेका सेतै भएका एउटा वृद्ध कसैलाई भन्दै थिए ।

चन्द्रविनायक र भैरव जात्राको रौनकमा स्थानीय बाजाको चर्को आवाज घन्किरहेको थियो । सयौं स्थानीय नेवारी समुदायका बालबालिका, युवा युवतीमात्र होइन उमेर पाकेकाहरू पनि चर्को स्वरमा उफ्रँदै नाचिरहँदा झुस्स दारी पालेका सेते बूढाको कुरा उनले सुनेकी सुनेनन् तर हो मा हो मिलाइरहेका थिए ।

झुसेदारी पालेका बूढा चारुमति विहारतर्फ खट बोकेको ठाउँतिर आँखा डुलाउँदै भन्दै थिए । 'विचरा गयो ! नाम दमन तर पदमा हुँदा कसैलाई पनि दमन गरेन । काम पनि केही गरेन,' बूढा मुस्कुराउँदै भन्दै थिए ।

अर्कोले भन्दै थिए । होइन कसले पो के गरेर । सात सालमा हामीले पनि त गरेकै थियौं क्यार जिन्दावाद र मुर्दावाद । बाँचुन्जेल कसैले केही गर्दैन मरेपछि जे-जे गरे पनि के काम ।

झुसे बूढाले मुख खोले, 'त्यही त अब यिनका पनि छोरा विदेश अरे, नेम्वाङकै जस्तै लासले मलामी कुर्नुपर्ने त होला नि !'

देशमा प्रजातन्त्र ल्याउनेहरूले नै आफ्नो सन्तान स्वदेशमा राख्न सकेका छैनन्, अरु हामीजस्ता प्रजाका भएनन भनेर के आँसु खसाल्नु र खै ?

हो नि । तिम्रा हाम्रा पालासम्म मात्र हो । छोराछोरी विदेश छन् भन्ने । अब तिनका त उतै बस्छन् उतै रमाउँछन् । हामी रहुन्जेल त हो ! त्यसपछि खै कसले खान्छ यो देश ?

झुसेले भन्यो, हेर देशका लागि राजनीति गर्नेहरूले नै युवाहरू देशमा बस्ने वातावरण बनाए । स्वास्थ्यमा व्यापार, शिक्षामा व्यापार अनि उमेर पुगेपछि बेरोजगार । अनि को बस्छन् त ? नेताका छोराछोरी विदेश, प्रशासकका छोराछोरी विदेश । तिमी हाम्रा छोराछोरी विदेश । अनि हामीलाई नै चाहिएको छ । सेता हात्ती पाल्ने प्रदेश । कसलाई लागि राजनीति गर्ने हो ?

सरकार छ भन्ने अनुभूति नै भएन हो झुसे । लौ यस्तै हो जति गन्थन गरेपछि भावी पुस्ता पलायन हुने पक्का भो ।

०००

सोमबार बिहान झुसे त्यही गल्लीमा चिया पिउँदै थिए । अर्का बूढा पनि चुरोटको सर्को तान्दै काठको बेन्चमा टुक्रुक्क बस्दै, 'आज अलि ढिलो भो । केही छैन, कहिलेकाहीँ यस्तै हुन्छ । के नै गर्नु छ र दिन कटाउने त हो नि ?

अर्कोले भने, 'त्यही त, साँच्चै आज सुनसान छ त ?'

गए होलान् नि श्रदाञ्जली दिन ! अर्काले भने, 'खै अहिलेसम्म अत्तोपत्तो छैन क्यार ।'

गर्लान् नि के को हतार छ र ? सरकार भएको देश भए पो ? टुप्पाबाट पलाएका आफूलाई नाइके ठान्नेहरू पुगेका छन् । 'जो हेऱ्यो उही चोर' ।

आज बिहानैदेखि झुसे अलि कडा भाका छन् । गाली गरेकै गऱ्यै छन् । 'हैन आज अलि मुडमा हुनुहुन्छ जस्तो छ नि ?'

'अँ, आज त्यस्तै भाको छ भन्या, किन किन रिस उठिराको छ ।'

'ए साउजी चिया बनाउनू त,' विमल चिया अर्डर गर्दै बस्छ । अनि झुसेलाई, अँ थाहा पाउनु भो ? अहँ केही पनि थाहा छैन ! के भो र ? झुसेले उत्तर दिन्छन् ।

'कसरी चल्छ हो देश' कसले चलाउँछ हो देश । बेला न कूबेला घोषणा गरिदिएको छ भन्या,' नबुझ्ने तरिकाले विमलले सुनाउँछ ।

झुसे अलमल्ल पर्छन्, 'के भो र ?' के घोषणा गरे फेरि नयाँ केही आयो कि क्या हो ? झुसेले विमललाई सोध्छन् ।

अर्का बूढाले भाषा मिलाउँदै त्यही त के भए हो ?

विमल हाँस्छ... 'ल हेर्नूस् त कर्मचारी कार्यालय पुगिसकेपछि सरकारले सार्वजनिक बिदा घोषणा गऱ्यो नि !'

झुसे हाँस्यो । 'ए हो र ? बिहानसम्म त चाइँचुइँ थिएन । एक्कासि कसरी आयो फेरि सार्वजनिक बिदा ?

विमल भन्यो, 'त्यही त कति कर्मचारी अफिस पुगिसके, कति बाटैमा छन् । अब सार्वजनिक बिदा दिएर । न यता न उता कस्तो हो यो सरकारको काम ?'

झुसे, त्यत्ति ढंग पुग्ने भइदिएको भए त यिनीहरूले कायापलट नै गरिसक्थे नि । केको अपर्झट बिदा हो ?

विमलले फचाट्टै जवाफ फर्काए, 'के हुनु ढुंगानाको निधनमा राष्ट्रिय शोकका लागि सार्वजनिक बिदा रे !'

झुसे, 'ल गज्जब नै गरेछन् त ? आजको बिदा आजै निर्णय । अफिस जान हिँडेका कहाँ जाने, बाटोमा भएका कसरी फर्कने ? अनि अफिस पुगेर हाजिर गरिसकेका सरकारी कर्मचारीहरूले कार्यालयमा बसेर काम गर्ने कि घर फर्कने । नकचरो सरकारको बिदा ?

विमल रुष्ट हुँदै भन्यो, 'उनको निधनमा शोक मनाउन बिदा दिएको भए आज निर्णय गरेर भोलि दिनु नि ! कू समयमा सार्वजनिक बिदा भनेर घोषणा गर्दा जनतालाई कम्ती मर्का पर्छ । आजको आजै बिदा दिएर कसरी सहज हुन्छ ? कस्तो हो सरकारको काम ? देशलाई व्यक्तिको घर ठानेका छन् कि क्या हो ?

'त्यस्तै छ । वर्षौं यिनको बाउको बिर्ताजस्तो भाको छ देश । जे गर्न मन लाग्छ त्यही गरून् । जुन जोगी आए पनि कान चिरेका नै देखिए क्यार,' झुसेले वाण हान्दियो ।

'होइन हो साउजी, चिया पनि बिदामा पऱ्यो कि क्या हो ?' अफिस जाउ कि घर फर्को भनेको जस्तै भो त ? सबै खलल्ल हाँस्छन् । सरकारी काम कहिले जाला घाम !



**कोलमा तेल पेल्दै** | अछामको ढकारी गाउँपालिका–१ नन्दपुरमा कोलमा तेल पेल्दै स्थानीय । पहिले घरेलु उद्योगका रूपमा प्रयोग गरिँदै आएको तेल पेल्ने कोल पछिल्लो समय हराउँदै जान थालेको छ ।
*तस्बिरः सुशील भण्डारी/रासस*

# मंसिर १५ मा 'टुर दि बाँके नेसनल पार्क' हुने

■ प्रभाव संवाददाता

**जानकी (बाँके)**- राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाली सेनाले 'टुर दि बाँके नेसनल पार्क' साइकलयात्रा कार्यक्रमको आयोजना गर्ने भएको छ ।

नेपालगञ्जको राँझास्थित श्री नं ४ वाहिनी अड्डा इमामनगर ब्यारेकको प्रमुख आयोजनामा मंसिर १५ गते नेपाली सेनाले बाँके राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धन गर्नका लागि 'टुर दि बाँके नेसनल पार्क' साइकलयात्रा गर्न लागेको हो । ब्यारेकका प्रमुख सेनानी दीपक गुरुङले बाँके राष्ट्रिय निकुञ्जलाई साइकलयात्रामार्फत व्यापक प्रचारप्रसार गरी देश विदेशसम्म त्यहाँको पर्यापर्यटनलाई उजागर गर्ने र प्रवर्द्धन गर्ने उद्देश्यले नेपाली सेनाले 'टुर दि बाँके नेसनल पार्क' कार्यक्रमको आयोजना गरिएको जानकारी दिए ।

'बाँके राष्ट्रिय निकुञ्जभित्र रहेका वन्यजन्तु, विभिन्न प्रजातिका चराचुरुंगीलगायत स्तनधारी प्राणी र यहाँका मनमोहक चुरेका टाकुरालाई पर्यटनको विकासमा जोड्न सकियो भने यो निकुञ्जमा आन्तरिक र बाह्य पर्यटकको ओइरो लाग्न सक्ने सम्भावना भएको हुनाले नेपाली सेनाले यसको प्रवर्द्धनका लागि टुर दि बाँके नेसनल पार्कको आयोजना गर्न लागेको हो,' उनले भने ।

उनले कान्छो निकुञ्जका रूपमा उक्त बाँके राष्ट्रिय निकुञ्ज स्थापना भएको बताउँदै यसलाई सधैं कान्छो निकुञ्जका रूपमा नहेर्न सम्बन्धित सबै पक्षलाई आग्रहसमेत गरे । बाँके राष्ट्रिय निकुञ्जलाई नाघेर हजारौं पर्यटक बर्दिया राष्ट्रिय निकुञ्जसम्म पुग्ने र उताबाट फर्किएर पुनः चितवन राष्ट्रिय निकुञ्जको सफारीमा जाने प्रचलन भएको हुँदा अब बाँके राष्ट्रिय निकुञ्जलाई नै पर्यटकहरूको 'हब' बनाउनमा नेपाली सेनाले कदम चालेको उनको भनाइ थियो ।

'यो निकुञ्जलाई पर्यटन प्रवर्द्धनमा अगाडि बढाउन निकुञ्जसँग जोडिएकै कोहलपुर र नेपालगञ्जमा सुविधासम्पन्न होटल छन्, निकुञ्जको नजिकै राँझामा विमानस्थलसमेत अवस्थित छ,' प्रमुख सेनानी गुरुङले भने, 'प्रचुर मात्रामा सम्भावना बोकेको बाँके निकुञ्जलाई पर्यटन प्रवर्द्धन गरी संसारभर पुर्‍याउने र आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउने उद्देश्यका साथ यही मंसिर १५ गते शनिबार बिहान 'टुर दि बाँके नेसनल पार्क' कार्यक्रमको आयोजना गरेका छौं ।'

बाँके राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको सहआयोजक रणबम गणका गणपति प्रमुख सेनानी प्रवीन थापाले निकुञ्जको पर्यटनलाई प्रवर्द्धन गर्नका लागि निकुञ्जको भित्री 'कोर एरिया'मा १६ किलोमिटर साइकल यात्रामार्फत उक्त कार्यक्रम आयोजना हुने जानकारी दिए । 'ढकेरीस्थित बच्चापुरको हात्तीसारबाट साइकलयात्रा सुरु गरेर निकुञ्जभित्रको कोर एरिया हुँदै १६ किलोमिटर दूरी पार गरेर रणबम गण हेक्वा ओभरी पुगेर समाप्त हुने छ,' उनले भने, 'हरेक वर्ष बर्दिया राष्ट्रिय निकुञ्जको प्रवर्द्धनका लागि यहाँबाट साइकल यात्राको आयोजना गर्दै आएको देखियो, तर यस वर्ष बाँके राष्ट्रिय निकुञ्जमै यो कार्यक्रम गर्न लागेका हौं, बाँके निकुञ्जलाई विश्वमाझ चिनाउन हरेक तह र तप्काबाट सहयोग हुनुपर्दछ ।'

कार्यक्रममा बाँके, बर्दिया, दाङ, सुर्खेत र बुटवलका करिब १०० 'साइक्लिस्ट'को सहभागिता हुने बताइएको छ । आयोजकका अनुसार ५० जना जति बाँके साइकल संघमार्फत र बाँकी नेपाली सेनालगायतबाट सहभागिता रहने छ । बाँके साइकल संघका अध्यक्ष गगन थापाले नेपाली सेनाको आयोजनामा साइकल संघको समन्वयमा साइकल यात्रा हुन लागेको बताए । उनले 'टुर दि बाँके नेसनल पार्क' मा साइकल संघमार्फत ५० जना साइक्लिस्टको सहभागिता रहने पक्का भइसकेको बताए । साइकलयात्रामार्फत बाँके निकुञ्जलाई चिनाउनका लागि 'टुर दि बाँके नेसनल पार्क' महत्त्वपूर्ण हुने उनले बताए । यस कार्यक्रमले निकुञ्जको संरक्षण, वन्यजन्तु, चराचुरुंगी, ताल तलैया जलाशय, जडीबुटी, वनजंगल, बोटबिरुवालगायतको संरक्षण र प्रवर्द्धनमा टेवा पुर्‍याउने अपेक्षा गरिएको ४ नं बाहिनी अड्डाले जनाएको छ ।

बाँके राष्ट्रिय निकुञ्ज स्थापना भएको तीन वर्षपछि सुरक्षा प्रदान गर्ने र वन्यजन्तु चोरी सिकारी रोक्ने उद्देश्यले वि.सं. २०७० देखि नेपाली सेनाको गोरखदल गणले सुरक्षा प्रदान गरेको थियो । उक्त गणलाई नेपाली सेनाको पहिलो गणका रूपमा यहाँ स्थापना गरी सुरक्षा व्यवस्थाका लागि खटाइएको थियो । २०७४ साउन ७ गतेदेखि श्रीमेहर गण तैनाथ रहेकामा वि.सं. २०७७ देखि श्री अर्जुनवाण गण हुँदै हाल श्री रणबम गणले निकुञ्जको सुरक्षा गरिरहेको छ ।

# आगन्तुक चराको चिरबिरले मनमोहक घोडाघोडी

■ इन्द्राकुमारी केसी

**घोडाघोडी (कैलाली)**- घोडाघोडी ताल क्षेत्रमा आगन्तुक चराहरूको चहलपहल बढेको छ । सन् २००३ अगस्तमा विश्व रामसार क्षेत्रमा सूचीकृत घोडाघोडी क्षेत्र चराका लागि उपयुक्त बासस्थान मानिन्छ ।

पर्याप्त आहारा र सन्तुलित तापक्रमका कारण प्रत्येक वर्ष यहाँ हजारौं आगन्तुक चरा आउने गरेका छन् । यस वर्ष पनि आगन्तुक चराको चिरबिर आवाज र चहलपहलले घोडाघोडी ताल क्षेत्रको माहोल थप रमणीय र मनमोहक भएको छ । उत्तरी ध्रुवका साइबेरिया, मंगोलिया, उत्तरी चीन, रसिया, कोरिया, जापान, युरोपलगायत क्षेत्रमा तापक्रम शून्य डिग्री सेल्सियसभन्दा न्यून भई तालतलैया तथा पोखरीमा बरफ जम्ने भएकाले चराहरू उचित तापक्रम र वातावरणको खोजी गर्दै यहाँ आउने गरेको चराविद् डा. हेमसागर बराल बताउँछन् ।

अत्यधिक चिसोमा अनुकूलन हुन नसक्दा र आहारा कमीका कारण चिसो छल्न नेपाललगायत दक्षिण क्षेत्रतर्फ बसाइँसराइ गर्ने चराहरूको संख्या ठूलो रहेको उनले बताए । 'अत्यधिक चिसो भएपछि तालतलैया बरफमा परिणत हुन्छन् । चराको आहारामा नोक्सान हुन्छ । त्यसैले चराहरू नेपाललगायत दक्षिण क्षेत्रमा आउँछन्,' चराविद् बरालले भने, 'यसबेला यहाँको मौसम अनुकूल हुने र आहार पनि पर्याप्त पाइने भएकाले हरेक वर्ष चराहरू आउँछन् ।'

सेप्टेम्बरको अन्तिम सातादेखि आगन्तुक



चराहरू आउने गरेको नेपाल पक्षीविद् संघका अध्यक्ष हठन चौधरीले बताए । उनका अनुसार नेपालमा १५३ प्रजातिका आगन्तुक चराहरू आउने गर्छन्, यो क्रम डिसेम्बरसम्म चल्छ । जसमध्ये धेरैजसो हाँस प्रजातिका हुन्छन् । यहाँ आइपुगेका चरा फेरि अप्रिलमा आएकै ठाउँतिर फर्किन्छन् ।

पन्छी संरक्षण संघका फिल्ड अधिकृत हिरूलाल डगौराले यो बेला विभिन्न देशबाट हजारौं किलोमिटर यात्रा पार गरेर ठूलो संख्यामा आगन्तुक चराहरू आउने गरेको जानकारी दिए । 'दशकौंदेखि कैलालीको घोडाघोडीका साथै महादेवा, लौकाहा-भौकाहा, चिरैयाँ, नकरोड, कोइलही, सोनियाँ-रुपियाँ, जम्नेहटा, घोड्तालगायत कर्णालीको तल्लो तटीय क्षेत्रमा विभिन्न प्रजातिका हिउँदे आगन्तुक चरा आउने गर्दछन्,' उनले भने ।

चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीका अनुसार संसारमा चराका नौवटा उडानमार्ग रहेका छन् । तीमध्ये नेपालमा दुई उडानमार्ग पर्छन् । अधिकांश चराहरू मध्य एसिया उडानमार्ग हुँदै घोडाघोडी पुग्ने गरेको उनले जानकारी दिए । घोडाघोडीमा हाल आगन्तुक चराका रूपमा सुनजुरे, खडखडे, मालक, बेल्चाठुडे, कालीजुरे, कैलो टाउके, सिन्दूरे, हरियो टाउकेलगायत हाँस प्रजातिका जलपन्छी आएका छन् ।

पूर्व-पश्चिम राजमार्गको छेउमा रहेको घोडाघोडी ताल क्षेत्र दुर्लभ चराचुरुंगीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थान हो । विश्व जलचर इतिहासमा संकटापन्न दर्जनौं जातका रैथाने माछाका प्रजाति, पुतली तथा अन्य दुर्लभ चराचुरुंगीको संरक्षणका कारण यो ताल सन् २००३ मा विश्व रामसार सूचीमा सूचीकृत भएको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष चौधरी बताउँछन् ।

रामसारको प्रावधानअनुसार विश्वका आठमध्ये दुई महत्त्वपूर्ण अन्तर्राष्ट्रिय चराहरूको सूचक यस तालमा उपलब्ध छन् । हरिहाँस, बगाले सिम कुखुरा तथा नादुन हाँसले घोडाघोडी ताल क्षेत्रमा मात्रै प्रजनन गर्ने गरेको उनले बताए । 'विश्वभरका एक हजार ३१४ रामसार क्षेत्रमध्ये केही विशेष स्थानीय प्रजातिका माछा र पुतली यस ताल क्षेत्रमा मात्र पाइन्छन् । त्यसैले पनि विश्वका संकटापन्न जलचर, स्थलचर तथा जैविक विविधताका दृष्टिले घोडाघोडी ताल महत्त्वपूर्ण छ,' पन्छी संरक्षण संघका फिल्ड अधिकृत डगौराले भने ।

यहाँ हरिहाँस, मगर गोही र वनधान सूचक प्रजातिका रूपमा छन् । चौधरीका अनुसार विश्वव्यापीरूपमा लोप हुँदै गएका भुडिफोड गरुण, सेतो गिद्ध, सानो खैरे गिद्ध, राज लाहाचे, राज धनेसलगायत प्रजातिका चराहरू पनि यहाँ बसोबास गर्छन् ।

चराहरूको महत्त्वपूर्ण बासस्थल भएकाले २७ फागुन २०७८ मा घोडाघोडी क्षेत्रलाई नेपालको पहिलो 'बर्ड सेन्चुरी चरा अभय आरक्षण क्षेत्र' घोषणा गरिएको थियो । *रासस*

# सडकको पहुँचले मलैबासीलाई सहज

**तुलसीपुर (प्रस)**- दाङको विकट भनिने बबई गाउँपालिका-७ मलैबासीका लागि अहिले विगतमा जस्तो दुःख छैन । विगतमा सडकको सहज पहुँच नहुँदा स्ट्रेचर वा डोकोमा बोकेर बिरामीलाई अस्पताल लैजानुपर्थ्यो । बीच बाटोमा जंगल भएकाले जनावरको पनि उत्तिकै डर हुन्थ्यो । तर, अहिले सडकको पहुँचले धेरै सहज भएको छ ।

'पहिलो सडक नहुँदा धेरै गाह्रो थियो, चालु आर्थिक वर्षमा प्रदेश सरकारले सडक स्तरोन्नतिका लागि ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेटबाट बर्खामा पनि सवारी चलाउन मिल्नेगरी सडक स्तरोन्नति गरिने छ,' स्थानीय बमबहादुर बुढाले भने । उनले प्रदेशसभा सदस्य धनबहादुर मास्कीलाई अनुरोध गरेपछि बजेट विनियोजन भएको उल्लेख गर्दै बजेटलाई बहुवर्षीय बनाउने गरी पहल भइरहेको बताए ।

साथै पछिल्लो समय यहाँ सञ्चारको पनि सुविधा पुगेको छ । केही वर्षअघिसम्म फोन गर्नका लागि दुई घण्टा हिँडेर डाँडोमा जानुपर्थ्यो । हाल कप्तानेमा टेलिकमको टावर निर्माण भइरहेको छ । आगामी वैशाखदेखि टेलिकमको पनि सेवा पुग्ने वडाध्यक्ष तिलकराम भण्डारीले बताए । 'फोन नलाग्ने यहाँको मुख्य समस्या हो,' उनले भने, 'टावर निर्माण भइरहेको छ, वैशाखदेखि सेवा सञ्चालनमा आउँछ ।'



मलैको बस्ती राष्ट्रिय निकुञ्जसँग जोडिएकाले बँदेल, बाँदरलगायतबाट बाली जोगाउन गाह्रो हुन्छ । केही स्थानमा तारबार लगाइए पनि अधिकांश ठाउँमा तारबार छैन । राष्ट्रिय निकुञ्जलाई अनुरोध गरेकाले त्यसलाई सम्बोधन गर्ने आश्वासन आएको स्थानीय टोपबहादुर बस्नेतले बताए ।

मलैमा दुईवटा विद्यालय छन् । तीमध्ये सरस्वती प्रावि जलजलामा कक्षा ५ सम्म पढाइ हुन्छ भने देउती मावि तल्लो मलइमा कक्षा १० सम्म पढाइ हुन्छ । कक्षा ११ देखिमाथिको कक्षाका लागि भने तुलसीपुर वा घोराही पुग्नुपर्ने अवस्था छ । कक्षा १२ सम्म सोही ठाउँमा पढाइ हुने वातावरण मिलाउनुपर्ने स्थानीय बस्नेतले बताए ।

खानेपानी र सिँचाइको भने सहज पहुँच छ । विद्युत् पनि दुई वर्ष अघि पुगेको छ । विद्युत् पुगेपछि त्यहाँका नागरिकलाई थप सहजता भएको छ । एउटा स्वास्थ्य चौकी छ । त्यसलाई थप सुविधा सम्पन्न बनाउन आवश्यक रहेको उनले बताए ।

**बढ्दै छ बसाइसराइ**

सोही क्षेत्रबाट बसाइँसराइ गरेर बाहिर जानेको संख्या भने घटेको छैन । प्रत्येक वर्ष १० देखि १५ परिवार बसाइँसराइ गरेर बाहिर जाने गरेका छन् । तर, अब सञ्चार र सडकको पहुँच पुग्ने बित्तिकै बसाइँसराइ पनि घट्ने अपेक्षा गरिएको स्थानीय सिवानी बस्नेतले बताए । 'सडक र सञ्चारको विकास हुन लागेको छ,' उनले भने, 'त्यो विस्तार भएमा बसाइँसराइ पनि घट्छ कि भन्ने लागेको छ ।' जनगणना २०७८ अनुसार ३२५ घरधुरी भए पनि अहिले करिब २०० मात्रै बाँकी छन् ।

# निःशुल्क आँखा शिविरमा १०५५ जनाले लिए सेवा

**बागलुङ (प्रस)**– ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा भएको निःशुल्क आँखा शिविरबाट एक हजार ५५ जनाले सेवा लिएका छन् । शनिबारदेखि सुरु भएको शिविरबाट जिल्लाको ढोरपाटन नगरपालिका, निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकाका नागरिकले सेवा लिएका हुन् ।

ढोरपाटन नगरपालिका र लायन्स क्लब अफ ढोरपाटनको सहकार्यमा भएको शिविरमा आँखाको चेकजाँचसँगै उपचार र मोतियाविन्दुको शल्यक्रियासमेत गरिएको छ । शिविरको पहिलो दिन ५८१ जना र दोस्रो दिन ४७४ जना नागरिकले सेवा लिएको लायन्स क्लब अफ ढोरपाटनका अध्यक्ष छविलाल पाण्डेले जानकारी दिए । दुई दिनमा ५४ जनाको निःशुल्क मोतियाविन्दुको शल्यक्रिया गरिएको उनको भनाइ छ ।

शिविरबाट थप १५ जनाको आँखाको शल्यक्रिया गर्न सिफारिस गरेको आँखा रोग विशेषज्ञ विनम लामिछानेले बताए । शिविरमा नेपाल नेत्र ज्योति संघ, हिमालय आँखा अस्पताल पोखरा, धौलागिरि आँखा अस्पताल बागलुङको प्राविधिक सहयोग रहेको थियो । ताकम फाउन्डेसन नेदरल्याण्ड्सको विशेष सहयोग बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, नेपाल रेडक्रस सोसाइटी उपशाखा बुर्तिबाङ, ढोरपाटन उद्योग वाणिज्य संघ, बुर्तिबाङ राइजिङ युवा क्लबले प्राविधिक सहयोग गरेका थिए ।

गत बिहीबार तमानखोला गाउँपालिकामा पनि निःशुल्क आँखा शिविर सञ्चालन भएको थियो । उक्त शिविरबाट ८०० जनाले सेवा लिएका थिए ।


**युएइमा रोजगार** कम्पनी : NEW SYSTEM ENGINEERING L L C

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 309446 | चलानी नं. ६०२२४११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 150 | 0 | 800 | २९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : MOHAMMAD ABDULLAH ALAREEDH Ltd.Co

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313786 | चलानी नं. ६०२२८२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 12 | 0 | 2500 | ८९,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



Amargadhi Municipality
Office Of Municipal Executive
Tufandada, Dadeldhura, Nepal

**INVITATION FOR BIDS (IFB)**

DATE OF PUBLICATION: - 2081-08-04 BS (2024-11-19 AD)

Municipality has allocated funds towards the cost of construction of the works mentioned and intends to apply part of the funds to cover eligible bidders under the contract as described in table below. The eligible Nepalese bidders for following works under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| S.N | Contract No/Bid No | Description of Works | Bidding Procedure | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1. | AM/DDL/WORKS/ NCB/02-2081/82 | Construction Rai, Tallo Budali, Bhadar Road, Amargadhi Municipality Ward No 10, Dadeldhura | Double Envelope (1S2E) | 560000 | 5000. | 2024-12-19 (2081-09-04) 12:00 Hours |

Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form www.bolpatra.gov.np/egp.

प्रभाव दैनिक

## रूपशाला

### 'सत्या'को ट्रेलरमा एक्सन र लभ

फिल्म 'सत्या'को ट्रेलर सार्वजनिक गरिएको छ। मंसिर १४ गते प्रदर्शन हुने फिल्मको ट्रेलरमा एक्सन र लभ सिक्वेलले प्राथमिकता पाएको छ। मिलन आले मगरको निर्देशनमा बनेको फिल्ममा विकास थापा मगरको प्रस्तुति रहेको छ। फिल्ममा राज कालाखेती, प्रिया शर्मा, करणसिंह बोहरा, विकास थापा मगर, वर्षा थिङ, सुमन खत्री, तेजा ऐर, ममता पौडेललगायतका कलाकारको अभिनय छ। धनेश्वर फिल्मस् एण्ड एडभरटाइजिङको प्रस्तुत रहेका 'सत्या' को निर्मातामा सुमन खत्री र भुम्कादेवी कालाखेती छन्। फिल्मको स्क्रिप्ट श्रवण सम्राटले लेखेका हुन्।



मंगलबार, ०४ मंसिर २०८१ (Tuesday, November 19, 2024)

# 'समाजमा बोक्सी छैन भन्ने सन्देश दिन अग्निदहन'



■ प्रभाव संवाददाता

**काठमाडौं** – यही शुक्रबारबाट रिलिज हुने फिल्म 'अग्निदहन'ले सोमबार पत्रकार तथा सञ्चारकर्मीसँग अन्तरक्रिया गर्दै फिल्मबारे जानकारी दिएको छ।

साहित्यकार तथा पत्रकार लोकमणि पौडेलको उपन्यास 'अग्नीदहन'मा आधारित रहेर तयार पारिएको फिल्मले रिलिजको छेकोमा पत्रकारसँग अन्तरक्रिया गरेको हो।

फिल्मका प्रस्तुतकर्ता तथा परिकल्पनाकार कोविदशरण उपाध्यायले बोक्सी प्रथा उन्मुलन गराउन आफुहरूले फिल्म बनाएको बताए। 'समाजमा बोक्सी छैन भन्ने सन्देश दिन हामीले फिल्म बनाएका हौं। बोक्सीका नाममा अझै पनि महिलामाथि अत्याचार भइरहेका घटना बेला बेलामा सार्वजनिक भइरहन्छन्। हामी फिल्ममार्फत बोक्सी हुँदैन र महिलालाई बोक्सीका नाममा अत्याचार गरिनुहुन्न भन्ने सन्देश दिन चाहन्छौं', उनले भने।

फिल्मकी कलाकार प्रमिला तुलाचनले आफूले 'बोक्सी' को आरोप लागेकी माइली दमिनीको चरित्र निर्वाह गरेको जानकारी दिँदै त्यो चरित्र अध्ययन गर्न सुकुम्बासी बस्ती पुगेको खुलाइन्। 'मैले निर्वाह गरेको चरित्र निकै चुनौतीपूर्ण थियो। समाजको दुःखी, गरिब महिलाप्रति गरिने व्यवहार, एकल महिलालाई गरिने दुर्व्यवहार, असहाय महिलालाई लगाइने लाञ्छनाजस्ता दृश्य देखेर यही चरित्रलाई पर्दामा उतार्ने प्रयास गरेकी छु', उनले भनिन्।

अर्की कलाकार तुलसी क्षेत्रीले बोक्सीको आरोप लागेका महिलालाई धामीझाक्रीले दिने यातना साँच्चै असह्य हुने गरेको बताइन्। 'फिल्ममा मलाई धामीले फलाम डामेको दृश्य छ। त्यो दृश्यको सुटिङ गरेको भोलिपल्टसम्म मेरो शरीरमा घाउ थियो। बोक्सीको आरोप लागेका महिलालाई साँच्चै धामीले त्यसरी डाम्दा उनीहरूलाई झन कति पिडा भयो होला', उनले भनिन्।

निर्देशक घनश्याम लामिछानेले आफ्नो फिल्म व्यावसायिक हिसाबले नबनाएको बताए। 'मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई देशव्यापी रूपमा अभियानको रूपमा अगाडि बढाउन फिल्म निर्माण गरेका हौं', उनले भने। फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, तारा बहादुर गुरुङको अभिनय छ।

मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानले निर्माण गरेको फिल्ममा लोकमणी पौडेलको कथा, पटकथा तथा संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, परिच्छेद सेनको सहायक निर्देशन, दीर्घ गुरुङको छायांकन, दीर्घ खड्काको सम्पादन, शंकर पाण्डेको प्रोडक्सन डिजाइन छ। फिल्मको बिशिस्ट सरक्षक भुबनेश्वर शर्मा पौडेल र मोहनराज पौडेल हुन्। डिसिएन बितरक रहेको फिल्मको डिजिटल पार्टनर ओएसआर रहेको छ। फिल्मको अन्तर्राष्ट्रिय बजार ब्यबस्थापन कृश्मा सुबेदी (श्रीनुर) र बरुण कुमार आचार्याले गर्ने भएका छन्।

नेपालको निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले समेत हेरिसकेको यो फिल्मलाई चलचित्र विकास बोर्डले 'विशेष चलचित्र अवार्ड' समेत दिइसकेको छ।

# नेपाल–अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवका लागि आवेदन खुल्यो

■ प्रभाव संवाददाता




**काठमाडौं** – नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको आठौं संस्करण २०२५ जुन १९ देखि २२ सम्म आयोजना हुने भएको छ। अमेरिकाको मेरिल्यान्ड राज्य तथा वासिङ्टन डिसी महानगर क्षेत्रमा आयोजना हुने महोत्सव लागि विश्वभरबाट आवेदन खुल्ला गरिएको छ।

महोत्सवमा फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र, एनिमेसनका साथै सबै विधाका चलचित्रहरू प्रदर्शन गरिनेछ। नेपाल, अमेरिका र दक्षिण एसियासहित विभिन्न देशका स्वतन्त्र सिनेमाहरू यस महोत्सवको उच्च प्राथमिकतामा पर्नेछन्।

अमेरिकाका वासिङ्टन डीसी, मेरिल्यान्ड र भर्जिनियाका स्थानीय चलचित्रकर्मीलाई प्रोत्साहन गर्न 'डीएमभी क्लोजअप' अन्तर्गत चलचित्रहरू प्रदर्शन हुनेछन्। स्थापना कालदेखि 'ग्लोबल पिस फिल्म फेस्टिभल' फ्लोरिडासँगको

सहकार्यमा प्रदर्शन हुँदै आएका चलचित्रहरू आगामी २०२५ को संस्करण पनि समावेश हुने जनाइएको छ। अमेरिकाको मेरिल्यान्ड राज्यमा स्थापित गैरनाफामुलक संस्था नेपाल-अमेरिका फिल्म सोसाइटीले सन् २०१७ देखि प्रत्येक वर्ष यो महोत्सवको आयोजना गर्दै आएको छ।

अन्तर्राष्ट्रिय चलचित्रकर्मी सम्मिलित समितिले आवेदन परेका मध्येबाट चलचित्रहरू प्रदर्शनका लागि छनोट गर्नेछ। प्रदर्शन गरिएका मध्येबाट उत्कृष्ट चलचित्रहरूलाई विभिन्न अवार्डबाट पुरस्कृत गरिनेछ।

महोत्सवको अवधिमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे 'प्यानल' छलफल तथा कार्यशाला समेत हुनेछन्। हरेक चलचित्र प्रदर्शनपछि त्यसका निर्देशक, निर्माता तथा कलाकारसँग अन्तरक्रिया समेत हुनेछ।

# 'ह्रस्व दीर्घ'ले कति कमायो ?

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली र दक्षिण भारतीय कलाकारहरूले अभिनय रहेको फिल्म 'ह्रस्व दीर्घ' ले दुई दिनमा सुखद कमाई गरेको छ। बक्स अफिसमा फिल्म 'पूर्ण बहादुरको सारङ्गी' को दबदबा कायम रहेकै बेला फिल्म 'ह्रस्व दीर्घ' ले दुई दिनमा २ करोड कमाई गरको निर्माण पक्षले जानकारी दिएको हो।

फिल्मले शुक्रबार ८० लाख कमाई गरको थियो भने शनिबार एक करोड २० लाख कमाई गरेको बताइएको छ।

फिल्मप्रति दर्शकलाई थप आकर्षित गर्न निर्माण टिमले मुख्य कलाकार प्रदीप रावत (गजनी भिलेन) लाई काठमाडौं बोलाएको छ। उनी आइतबार दिउँसो काठमाडौं आइसकेका छन्।

फिल्ममा उनी नीताको बुबाको भूमिकामा छन्। उनी एक साता नेपाल रहने र हलमा पुगेर दर्शकसँग भेट गर्ने कार्यक्रम रहेको निर्माण पक्षले जानकारी दिएको छ।

चन्द्र पन्तको निर्देशनमा बनेको फिल्ममा साउथबाट ब्रह्मानन्दम, प्रदीप रावत, सुनिल बर्मा, अली, कबीर दुहन सिंहसहित नेपाली कलाकारहरू विपना थापा, नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, रेखा थापा, सञ्चिता लइँटेल, आदर्श मिश्र लगायतको अभिनय छ। यस फिल्मको निर्माण लागत ६ करोड रहेकोले नाफा जान भने अझै आक्रामक व्यापार गर्नुपर्ने चुनौती रहेको छ।

## रंगशाला

### एनपिएल क्रिकेट

# उद्घाटन खेलमा जनकपुर र विराटनगर भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** – पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को उद्घाटन खेलमा विराटनगर किंग्स र जनकपुर बोल्ड्स भिड्ने भएका छन्।

नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार सार्वजनिक गरेको खेल तालिकाअनुसार यी दुई टोलीले मंसिर १५ गते खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछन्। खेल त्रिवि क्रिकेट मैदानमा दिउँसो १२:१५ बजे हुनेछ।

मंसिर १६ गते उपनिर्वाचन भएको कारण कुनै खेल हुनेछैनन्। तर, त्यसको भोलि पल्टदेखि भने दिनमा दुई खेल हुनेछ। पहिलो खेलमा बिहान ९:१५ बजे हुनेछ। दोस्रो खेल दिउँसो १:१५ मा हुनेछ। मंसिर १७ गते पहिलो खेलमा काठमाडौं गुर्खाज र चितवन राइनोज भिड्ने छन्। दोस्रो खेलमा जनकपुरले कर्णाली याक्ससँग खेल्नेछ।

लिग चरणका खेलहरू पुस १ गतेसम्म चल्नेछ। लिगको शीर्ष दुईमा रहने टोलीले सिधै क्वालिफायर खेल्ने छ। तेस्रो र चौथो स्थानका टोलीले भने एलिमिनेटर खेल्ने छ। यो खेल बिहान ९:१५ मा हुनेछ। क्वालिफायरको खेल भने दिउँसो १:१५ बजे हुनेछ। दुवै खेल पुस ३ गते हुनेछ। क्वालिफायर १ मा पराजित भएको टोली र एलिमिनेटरको विजेताले दोस्रो क्वालिफायर खेल्नेछ।

यो खेल भने पुस ४ गते दिउँसो १२:१५ मा हुनेछ। यी दुईबीचको विजेताले क्वालिफायर १ को विजेतासँग पुस ६ गते खेल्ने फाइनल खेल्ने छ। फाइनल खेल दिउँसो १२:१५ मा हुनेछ।

# अस्ट्रेलियाद्वारा टी–२० सिरिज क्लिन–स्वीप

**काठमाडौं (प्रस)**– पाकिस्तानसँगको तीन खेलको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट सिरिज अस्ट्रेलियाले क्लिन-स्वीप गरेको छ। सोमबार भएको तेस्रो खेलमा ७ विकेटको जित निकाल्दै अस्ट्रेलियाले सिरिज ३-० ले जितेको हो।

पाकिस्तानले दिएको ११८ रनको लक्ष्य अस्ट्रेलियाले ११.२ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो। अस्ट्रेलियाका मार्कस स्टोइनिसले २७ बलमा ५ चौका र ५ छक्कासहित ६१ रनको अविजित पारी खेले। त्यस्तै जोश इङ्लिसले २७ रन बनाए। जेक फ्रेसर-मेगर्कले १८ रन बनाए।

पाकिस्तानका लागि अब्बास अफ्रिदी, शाहीन अफ्रिदी र जहानदाद खानले एक-एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पाकिस्तानले १८.१ ओभरमा अलआउट हुँदै ११७ रन बनाएको थियो। बाबर आजमले सर्वाधिक ४१ रन बनाए भने हासिबुल्लाह खानले २४ रन बनाए।

अस्ट्रेलियाका आरोन हार्डीले ४ ओभरमा २१ रन दिएर ३ विकेट लिए। स्पेन्सर जोनसोन र एडम जाम्पाले २-२ विकेट लिए भने जेभियर बार्टलेट र नेथन एलिसले १-१ विकेट लिए।

पहिलो खेलमा २९ रनको जित निकालेको अस्ट्रेलियाले दोस्रो खेलमा १३ रनको जित निकालेको थियो। त्यसअघि भएको एकदिवसीय श्रृंखलामा पाकिस्तान २-१ ले विजयी भएको थियो।

### ललित स्मृति एन्फा यु-१८ युथ लिग

# सोमबारका दुवै खेल बराबरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं** – ललित स्मृति एन्फा यु-१८ युथ लिगमा मनाङ मर्स्याङ्दी क्लब बराबरीमा रोकिएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा चर्च ब्वाइज युनाइटेडसँग मनाङ गोलरहित बराबरीमा रोकिएको हो। यो नतिजासँगै मनाङले १० खेलबाट १९ अंक जोडेको छ। छैटौं स्थानमा उक्लिएको चर्च ब्वाइजको समान खेलबाट १४ अंक छ।

त्यस्तै सोमबार नै भएको अर्को खेलमा अंक तालिकामा पुछारमा रहेको खुमलटार एफसीले विभागीय टोली त्रिभुवन आर्मी क्लब बराबरीमा रोकिएको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा आर्मीसँग खुमलटार १-१ को बराबरीमा रोकिएको हो। यो नतिजासँगै खुमलटारले १० खेलबाट चार अंक जोडेको छ। १०औं स्थानको आर्मीको आठ अंक छ।



खेलको ८७औं मिनेटमा सागर तामाङको गोलमार्फत खुमटारले सुरुआती अग्रता लियो। तर, दोस्रो हाफको इन्जुरी समयमा भुवन कामीले गोल गर्दै आर्मीलाई अंक दिलाए।

# धनगढीमा सुदूरपश्चिम रोयल्सको ऱ्याली

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल प्रिमियर लिग (एनपिएल) टोली सुदूरपश्चिम रोयल्सले सोमबार धनगढीमा ऱ्याली निकालेको छ। स्थानीय संस्कृति र भेषभूषा झल्कने झाँकीसहित टिमका सदस्य र स्थानीयहरूको सहभागीतामा उक्त ऱ्याली निकालिएको हो।

धनगढीको चौराहदेखि रंगशालासम्म आयोजना गरिएको ऱ्यालीमा टिम मालिक स्वतन्त्र प्रताप शाह, मुख्य प्रशिक्षक जगत टमाटा र मार्की खेलाडी दिपेन्द्र सिंह ऐरीसहित आरिफ शेख, विनोद भण्डारी, इशान पाण्डे, अमित श्रेष्ठ लगायत खेलाडी तथा ओलम्पियन एवं टिमका ब्रान्ड एम्बेसडर दीपक विष्टको सहभागिता रहेको थियो।

**सुदूरपश्चिमको टोली**

**दीपेन्द्र सिंह ऐरी, आरिफ शेख, अभिनास बोहोरा, विनोद भण्डारी , अर्जुन कुमाल, खडक बोहोरा, इशान पाण्डे, नरेश बुढाऐर, भोजराज भट्ट, नरेन साउद , अमित श्रेष्ठ, ब्रान्डन मक्मलेन (स्कटल्यान्ड), सेफ अलि जेब (इंग्ल्यान्ड), स्कट कुगेलेइन (न्युजिल्याण्ड), रोहन मुस्तफा (यूएई)**

त्यसैगरी नेपाल क्रिकेट संघ (क्यान) अध्यक्ष चतुरबहादुर चन्द र फाप्ला अन्तराष्ट्रिय क्रिकेट मैदान एवं खेलग्राम पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष सुवास शाहीलगायत क्यानका कार्यसमिति सदस्यहरू पनि उपस्थित थिए।

कार्यक्रममा बोल्दै टोलीका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले समग्र सुदूरपश्चिम क्षेत्रको प्रतिनिधित्व यस टोलीले गरेकाले यहाँको स्थानीय संस्कृतिलाई क्रिकेटको माध्यमबाट विश्वभर चिनाउने लक्ष्य रहेको बताए।

ऱ्यालीमा देखिएको स्थानीय सहभागिताले टोलीको हौसला झनै बढेको र सुदूरपश्चिमको नाम उच्च बनाउन खेलाडीको मनोबल पनि बढेको महसुस भएको उनको भनाइ थियो। सुदूरपश्चिम रोयल्सले अब केही दिन धनगढीमै रहेर प्रशिक्षण गर्ने कार्यक्रम रहेको छ।

क्यानको आयोजनामा हुन लागेको एनपीएल क्रिकेट ८ टोलीको सहभागितामा मंसिर १५ देखि पुस ६ गते सम्म एनपिएल हुनेछ। सुदूरपश्चिमको मार्की खेलाडीमा कीर्तिमानी अलराउन्डर दीपेन्द्रसिंह ऐरी छन्। मेन्टरमा अष्ट्रेलियाका ब्राड हज तथा मुख्य प्रशिक्षक राष्ट्रिय टोलीका पूर्व प्रशिक्षक जगत टमाटा हुन्।



फिलिपिन्सको इसाबेला प्रान्तस्थित इलागान गाउँमा म्यान-यी नामक तुफानको कारण लगातार भारी वर्षापछि डुबेका घरहरूको हवाई दृश्य। सोमबार १८ वर्षयताकै छैटौं ठूलो तुफानले कमजोर भवनहरू ध्वस्त पार्नुका साथै बिजुली ठप्प पारेको जनाइएको छ। *तस्बिरः एएफपी*

# श्रीलंकामा नयाँ मन्त्रिपरिषद्को शपथ



**श्रीलंका (कोलम्बो)-** श्रीलंकाको कोलम्बो स्थित राष्ट्रपति सचिवालयमा सोमबार नवगठित मन्त्री परिषद्मा समावेश मन्त्रीहरूले राष्ट्रपति अनुरा कुमार दिसानायकेसमक्ष शपथ लिएका छन्। दिसानायकेको उक्त मन्त्री परिषद्मा २१ जना मन्त्री रहेका तथा उपमन्त्रीहरूले पछि शपथ लिने कार्यक्रममा घोषणा गरिएको थियो।

दिसानायकले सेप्टेम्बर-२१ को राष्ट्रपति चुनाव जितेपछि हरिनी अमरसुरिया र विजिता हेराथको सामायोनमा मन्त्रीमण्डल निर्माण गरेका छन्। नयाँ मन्त्रिपरिषद्मा नोभेम्बर-१४ को संसदीय चुनावमा निर्वाचित नेसनल पिपुल्स पावर (एनपिपी) का १५९ सांसद मध्येबाट नयाँ मन्त्रीहरू चुनिएको जनाइएको छ।

श्रीलंकामा समानुपातिक प्रतिनिधित्व प्रणाली लागू भएपछि संसद्मा कुनै राजनीतिक पार्टीले दुईतिहाइ बहुमत प्राप्त गरेको यो पहिलोपटक हो। नयाँ मन्त्रीमण्डलमा अमरसूरियालाई प्रधानमन्त्री र हेराथलाई विदेश मामिला, विदेश रोजगार र पर्यटनमन्त्रीको रूपमा पुनःनियुक्त गरिएको छ।

नयाँ मन्त्रीमण्डललाई सम्बोधन गर्दै राष्ट्रपति दिसानायकले श्रीलंकाको राजनीतिक र आर्थिक मार्ग परिवर्तन गर्न जनताले सेप्टेम्बर र नोभेम्बरमा लगातार दुईपटक एनपिपीलाई मतदान गरेको उल्लेख गरेका छन्। जनताले एनपिपीको नीति र पार्टी सदस्यहरूको अखण्डताको आधारमा विश्वास गरेको बताउँदै उनले आगामी दिनमा जनताको सरकारको रूपमा काम गर्ने जनाएका छन्।

दिसानायकले श्रीलंकाका जनताले जातीय र धार्मिक विभाजनको बीचमा आफूहरूलाई मतदान गरेको जनाउँदै जनताको अधिकारको संरक्षण र वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। *रासस/सिन्ह्वा*

# प्रदूषणले आक्रान्त नयाँदिल्ली, बन्द गरियो विद्यालय

**नयाँदिल्ली-** भारतको राजधानी नयाँदिल्लीले बढ्दो विषाक्त धुवाँका कारण सोमबारदेखि अर्को सूचना नहुँदासम्म विद्यालयहरूलाई अनलाइन कक्षामा रूपान्तरण गरेको छ। यो विशाल महानगरको स्वास्थ्य संकट कम गर्ने पछिल्लो प्रयास हो।

आइतबार साँझ विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको दैनिक अधिकतम मात्राभन्दा ५७ गुणा बढी पिएम २.५ प्रदूषकहरू (फोक्सोमार्फत रक्त प्रवाहमा प्रवेश गर्ने खतरनाक क्यान्सर-कारक सूक्ष्म कणहरू) रेकर्ड गरिएको थियो।

सोमबार बिहान यी मात्राहरू चेतावनी सीमाभन्दा करिब ३९ गुणा माथि थिए र सहर बाक्लो खैरो र पीडादायक धुवाँले ढाकिएको थियो।

यो सहर प्रत्येक वर्ष पीडादायक धुवाँले ढाकिने गर्दछ। विशेषगरी छिमेकी क्षेत्रहरूमा किसानहरूले जोत्नका लागि आफ्ना खेतहरू सफा गर्न पराल जलाउने, साथै कारखाना र सवारीसाधनको धुवाँलाई दोष दिइन्छ।

हावाको गुणस्तर 'अझ बिग्रनबाट रोक्ने प्रयासमा' सहरका अधिकारीहरूले यी प्रतिबन्धहरू लगाएका हुन्। अधिकारीहरूले बच्चाहरूलाई घरमै राखेर सवारीसाधनको चाप उल्लेख्यरूपमा घटाउन सकिने आशा राखेका छन्। 'कक्षा १० र १२ बाहेक सबै विद्यार्थीका लागि भौतिक कक्षाहरू बन्द गरिने छ,' एउटै नाम प्रयोग गर्ने मुख्यमन्त्री आतिशीले आइतबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।



प्राथमिक विद्यालयहरूलाई बिहीबार व्यक्तिगत कक्षाहरू बन्द गर्न आदेश दिइएको थियो। सोमबार डिजेल सञ्चालित ट्रकहरू र निर्माण कार्य सीमित गर्नेलगायत थप प्रतिबन्धहरू लगाइएको छ। सरकारले बालबालिका र वृद्धवृद्धाका साथै फोक्सो वा मुटुको समस्या भएका व्यक्तिहरूलाई 'सकेसम्म घरभित्रै बस्न' आग्रह गरेको छ। सहरका धेरैले एयर फिल्टर किन्न सक्दैनन्। उनीहरूसँग हजारौं समयभन्दा अघि नै मृत्यु हुने कारण मानिएको दुर्गन्धित हावाबाट प्रभावकारीरूपमा जोगिन सक्ने घरहरू पनि छैनन्।

यी आदेश सोमबार बिहानदेखि लागू भएका छन्। तीन करोडभन्दा बढी मानिस बस्ने नयाँदिल्ली र यसको वरिपरिको महानगरीय क्षेत्र हिउँदमा वायु प्रदूषणको विश्व र्‍यांकिङमा लगातार शीर्ष स्थानमा रहन्छ। चिसो तापक्रम र सुस्त गतिको हावाले हरेक हिउँद मध्य अक्टोबरदेखि कम्तीमा जनवरीसम्म घातक प्रदूषकहरूलाई समातेर स्थिति झन् खराब बनाउँछ।

भारतको सर्वोच्च अदालतले गत महिना स्वच्छ हावा मौलिक मानवअधिकार भएको फैसला गर्दै केन्द्र सरकार र राज्यस्तरका अधिकारीहरू दुवैलाई कारबाही गर्न आदेश दिएको थियो। *रासस/एएफपी*

# जलवायु वार्तामा गतिरोध तोड्न जी-२० मा आशा




**बाकु-** राष्ट्रहरू सोमबार गतिरोधमा परेको संयुक्त राष्ट्रसंघीय जलवायु वार्तामा फर्किएका छन्। संसारको अर्को छेउमा भेला भएका जी-२० नेताहरूले गरिब देशहरूका लागि सम्झौतामा समर्थन जुटाउने आशा गरिएको छ।

अजरबैजानको क्याभर्नस स्टेडियममा दुई हप्ताको सौदाबाजीको आधा समय बित्दा पनि कूटनीतिज्ञहरू कोप-२९ को सफलता वा असफलतालाई परिभाषित गर्ने सम्झौताको नजिक पुग्न सकेका छैनन्। बाकुमा वार्ताको जिम्मा लिने सरकारी मन्त्रीहरूसँग विकासशील विश्वलाई विश्वव्यापी तापक्रम वृद्धिको सामना गर्न आवश्यक पर्ने पैसा कसरी उपलब्ध गराउने भन्ने गतिरोध तोड्न शुक्रबारसम्मको समय छ।

वार्षिक शिखर सम्मेलनका लागि ब्राजिलमा भेला हुँदा जी-२० नेताहरूमाथि रोकिएको प्रक्रियालाई समर्थन गर्न दबाब बढिरहेको छ। 'कोप-२९ को सफल नतिजा अझै पनि सम्भव छ तर यसका लागि नेतृत्व र समझदारी, विशेषगरी जी-२० देशहरूबाट आवश्यक पर्छ,' संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले आइतबार रियो डी जेनेरियोमा भने। गुटेरेस विश्वको सबैभन्दा ठूला अर्थतन्त्रहरूको समूह जी-२० शिखर सम्मेलनमा सहभागी छन्।

'स्वाभाविकरूपमा जी-२० मा ध्यान केन्द्रित छ। उनीहरूले विश्वव्यापी उत्सर्जनको ८० प्रतिशत हिस्सा ओगट्छन्,' समूहलाई 'उदाहरण बनेर नेतृत्व गर्न' आह्वान गर्दै उनले भने।

**आयोजकमाथि दबाब**

संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प पुनःनिर्वाचित भएको छायाँमा सम्मेलन सुरु भयो र विश्वव्यापी जलवायु लडाइँका लागि समर्थन जुटाउने प्रयासले अर्जेन्टिनाको प्रतिनिधिमण्डल शिखर सम्मेलनबाट फिर्ता भएपछि अर्को धक्का खायो।

कोप-२९ मा झन्डै २०० राष्ट्रले विकासोन्मुख देशहरूलाई 'हिट-ट्र्यापिङ' ग्यासको उत्सर्जन कटौती गर्न र बढ्दो जलवायु धक्काहरू विरुद्ध लचिलोपन निर्माण गर्न पर्याप्त रकम उपलब्ध गराउने नयाँ सम्झौताको वार्ता गरिरहेका छन्। चीनबाहेकका विकासोन्मुख देशहरूको आवश्यकता मूल्यांकन गर्न संयुक्त राष्ट्रसंघद्वारा नियुक्त स्वतन्त्र अर्थशास्त्रीहरूका अनुसार यसका लागि दशकको अन्त्यसम्ममा वार्षिक १० खर्ब डलर बाह्य सहायता आवश्यक पर्ने छ।

जलवायु-जोखिममा रहेका राष्ट्रहरूले यसको एक हिस्सा विकसित देशहरूले तिर्नुपर्ने चाहन्छन् तर दाताहरूले उनीहरू एक्लैले त्यो रकम जुटाउन नसक्ने र निजी क्षेत्र पनि संलग्न हुनुपर्ने बताउँछन्। उनीहरूले जलवायु वित्त तिर्न बाध्य नभएका धनी उदीयमान अर्थतन्त्रहरू विशेषगरी चीनले पनि बोझ बाँड्नुपर्ने चाहन्छन्।

युरोपेली संघ अन्तर्राष्ट्रिय जलवायु वित्तको सबैभन्दा ठूलो योगदानकर्ता हो तर यसले राजनीतिक र बजेट दबाबको सामना गरिरहेको छ र ट्रम्पअन्तर्गत अमेरिकाले भुक्तानी गर्न अस्वीकार गरेमा एक्लै पर्न सक्छ। बाकुमा भएको सौदाबाजी हिमनदीजस्तै सुस्त रहेको छ तर चिनियाँ र युरोपेली अधिकारीहरूबीचको बैठकलाई अन्यथा निराशाजनक हप्तामा आशाको किरण मानिएको छ।

पर्यवेक्षकहरूका अनुसार वर्षौंयताकै सबैभन्दा जटिल मानिएको जलवायु वार्ताको नेतृत्व गर्न महत्त्वपूर्ण नेतृत्वको आवश्यकता रहेको बेला कोप-२९ को आयोजक अजरबैजानसँग कूटनीतिक अनुभवको कमी छ। अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभ जीवाश्म इन्धनको बचाउ गरेकोमा आलोचनामा परे। त्यस्तै फ्रान्सको औपनिवेशिक इतिहासबारे उनको आक्रामक टीप्पणीका कारण पेरिसका जलवायु दूतले बाकुको टिकट रद्द गरे।

वित्तीय गतिरोधका अतिरिक्त कोप-२९ मा देशहरूले गत वर्षको ऐतिहासिक विश्वलाई जीवाश्म इन्धनबाट टाढा लैजाने प्रतिबद्धतालाई पुनः दोहोर्‍याउनुपर्ने छ कि छैन भन्ने विवाद पनि उठिरहेको छ। पहिलो दिन कोप-२९ को औपचारिक एजेण्डामा यो विषय समावेश गर्ने कि नगर्ने विवादले शिखर सम्मेलनको सुरुआत नै केही घण्टा ढिला भएको थियो।

'हामी अत्यन्त निराश छौं, उत्सर्जन कटौतीका प्रयासहरू कोप-२९ मा खाली पृष्ठभन्दा बढी केही थिएनन्,' युरोपेली संघको तर्फबाट बोल्दै भेरोनिका स्कोलाज्स्टिका बागीले शनिबार भने। *रासस/एएफपी*

# युक्रेनलाई रूसविरूद्ध लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्न बाइडेनको स्वीकृति

**किएभ (युक्रेन)-** अमेरिकी राष्ट्रपति जो बाइडेनले किएभलाई रूसमा लामो दूरीका अमेरिकी क्षेप्यास्त्र (मिसाइलहरू) प्रयोग गर्न अनुमति दिएका छन्।

एक अमेरिकी अधिकारीले नाम नछाप्ने सर्तमा द न्युयोर्क टाइम्स र द वासिङ्टन पोस्टको रिपोर्टलाई पुष्टि गर्दै युक्रेनले लामो समयदेखि माग गर्दै आएको नीति परिवर्तन उत्तर कोरियाले मस्कोको युद्ध प्रयासलाई सहयोग गर्न सेना तैनाथ गरेको प्रतिक्रियामा यो स्वीकृति आएको बताएका छन्।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले लामो समयदेखि वासिङ्टनबाट शक्तिशाली आर्मी टचाक्टिकल मिसाइल प्रणाली प्रयोग गर्ने अधिकारका लागि आग्रह गर्दै आएका थिए।

क्रेमलिनबाट भने यो समाचारका बारेमा तत्काल कुनै प्रतिक्रिया आएको छैन। रया नोभोस्ती एजेन्सीले रूसी तल्लो सदन (डुमा)को रक्षा समितिका प्रमुख आन्द्रेई कार्तापोलोभलाई उद्धृत गर्दै युक्रेनमा कुनै पनि कुराले अपरेसनको मार्ग परिवर्तन नगर्ने जनाएको छ। उत्तर कोरियाली सेनाको युद्धमा प्रवेश तथा आइतबारको ठूलो रूसी मिसाइल आक्रमणको सन्दर्भमा राष्ट्रपति बाइडेनले (रूसी राष्ट्रपति) पुटिनले बुझ्ने भाषामा प्रतिक्रिया दिएको विदेशमन्त्री रादोस्ला सिकोर्स्कीले सामाजिक सञ्जाल एक्समार्फत जनाएका छन्।

आक्रमणको सिकार भएकोलाई आफ्नो रक्षा गर्ने अधिकार रहेको उनले बताएका छन्। युक्रेन युद्धमा आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गरेको चीनले शान्तिपूर्ण समाधानका लागि आग्रह गरेको छ। प्रारम्भिक युद्धविराम र राजनीतिक समाधानले सबै पक्षको हितमा काम गर्ने अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले नियमित ब्रीफिङमा बताएका छन्। आइतवार साँझको सम्बोधनमा जेलेन्स्कीको प्रतिक्रिया मौन रहेको जनाइएको छ।



जाडो नजिकिँदै जाँदा बिजुली कटौती तथा ११ जना सर्वसाधारणको ज्यान लिने आक्रमण र पहिले नै नाजुक ऊर्जालाई थप क्षति पुर्‍याउने ठूलो आक्रमण गरेपछि युक्रेनले सोमबारदेखि देशव्यापी आपत्कालीन बिजुली प्रतिबन्धको घोषणा गरेको केही समयपछि बाइडेनको यस्तो स्वीकृति आएको हो।

उत्तरपूर्वी सहर सुमीमा आइतबार साँझ भएको अर्को आक्रमणमा दुई बालकसहित दश जनाको मृत्यु भएको छ। रूसको यो कार्यले द्रुतरूपमा अन्तर्राष्ट्रिय निन्दा बटुलिरहेको छ। राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले 'ऊर्जा र महत्त्वपूर्ण नागरिक पूर्वाधार' लाई लक्षित गरी गरेको आक्रमणको निन्दा गरेको उनका प्रवक्ता स्टेफन डुजारिकले एक विज्ञप्तिमार्फत जनाएका छन्।

युरोपियन युनियनकी प्रमुख उर्सुला भोन डेर लेयनले ब्राजिलको ग्लोबो न्युजमा टिप्पणी गर्दै पावर ग्रिडमा भएको आक्रमणलाई 'भयानक' बताएकी छन्। मस्कोले किभका साथै देशको दक्षिणी, मध्य र सुदूरपश्चिमी कुनाहरूलाई लक्षित गर्दै १२० मिसाइल तथा लगभग १०० ड्रोन प्रक्षेपण गरेको बताएकी छन्।

मस्को युक्रेनको पूर्वमा लगातार अगाडि बढिरहेका अवस्थामा बाइडेनको घोषणा आएको छ। ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको पुनरागमनले किभका लागि अमेरिकी समर्थनको भविष्यमा डर खडा गरेको छ। युद्धको तेस्रो जाडो अहिलेसम्म सबैभन्दा कठिन हुने धेरैलाई डर छ भने अघिल्ला रुसी आक्रमणले युक्रेनको आधा ऊर्जा उत्पादन क्षमतालाई नष्ट गरिसकेको जेलेन्स्कीले बताएका छन्।

पश्चिम र युक्रेनका अनुसार हजारौं उत्तर कोरियाली सैनिकहरू रसियामा छन् भने केही कुर्स्क क्षेत्रमा छन्। *रासस/एएफपी*

**साउदीमा रोजगार** कम्पनी : Abdulaziz Mohammed Bin Manea & Partners Company

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313771 | चलानी नं. ६०२२८२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 20 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १० गते (25th Nov. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

यो विज्ञापन LT No. 313771 मितिः २०८१/०८/०३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

GLOBAL OVERSEAS SERVICES PVT. LTD
Opposite of Chirayu National Hospital, K.M.C. - 03, Basundhara, Kathmandu, Tel: 01- 4377864, 4371146
Email: info@globaloverseas.com.np, info.gos96@gmail.com, Web: www.globaloverseas.com.np
श्रम ईजाजत नं. ७९/०५२/५३

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६१००० | प्रति तोला – ० | प्रति तोला – १९२० |



**कोदो स्याहार्दै** | भोजपुरको बोखिममा कोदो टिप्दै गरेका स्थानीय किसान। कोदोको राम्रो उत्पादन हुने यस क्षेत्रमा अहिले किसानहरू कोदो टिप्नमा व्यस्त छन्।

*तस्बिर: युवराज विष्ट/रासस*

# कर प्रणाली लगानीमैत्री बनाउन चेम्बरको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले राजश्व नीति र कर प्रणालीबारे वृहत अन्तरक्रिया सम्पन्न गरेको छ।

काठमाडौंको जमलस्थित चेम्बर भवनमा आयोजित कार्यक्रममा आन्तरिक राजश्व विभाग, निजी क्षेत्रका प्रतिनिधी लगायत सरोकारवाला निकायलाई बोलाएर चेम्बरले कर प्रणालीमा देखिएका चुनौती र सम्वोधन गर्नुपर्ने विषयबारे वृहत अन्तरक्रिया गरेको हो। कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले नेपालको कर प्रणालीलाई लगानीसंग जोड्नुपर्ने बताए। उनले भने, 'कर प्रशासन र कर नीति सहज र सरल भयो भने लगानीमैत्री वातावरण बन्छ, लगानी वृद्धि भएर निजी क्षेत्रले नाफा कमाए मात्रै कर वृद्धि गर्न सकिन्छ।'

मुलुकमा पुंजी निर्माण भएर रोजगारी सिर्जना, उत्पादनवृद्धि हुनेगरी सरल र सहज नीति बनाउनुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए। अध्यक्ष अग्रवालले भने, 'कृषकलाई खेती उब्जनीमा जसरी मल बिऊको आवश्यक्ता पर्दछ, त्यसैगरी निजी क्षेत्रलाई सरल र स्थिर नीति चाहिन्छ।'

अर्थतन्त्रमा झण्डै ८१ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई सहजीकरण र स्थिर नीतिगत व्यवस्था गरे दिगो अर्थतन्त्रको विकास र राजश्व संकलनको लक्ष्य पुरा गर्न समस्या नहुने अध्यक्ष अग्रवालको भनाई छ।




अध्यक्ष अग्रवालले भन्सारमा कारोबार मुल्यलाई मान्यता दिएर सन्दर्भ मुल्यलाई खारेज गर्नुपर्नेमा जोडदिए। नक्कली भ्याट बीलमा संलग्नलाई कारवाही गर्नुपर्ने तर छानविनका नाममा असल व्यापारीलाई दुःख दिन नमिल्ने अध्यक्ष अग्रवालले बताए। २०५८ सालमा आएको आयकर ऐनलाई संशोधन गर्नुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए।

सो कार्यक्रममा आन्तरिक राजश्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले कर प्रणालीलाई लगानीसंग जोड्न सरकारले पनि काम गरिरहेको बताए। मुलुकका लगानीको वातावरण छैन भन्ने भाष्यलाई चिर्नुपर्ने महानिर्देशक आचार्यको भनाई छ। उनले भने, 'लक्ष्य अनुसारको उपलव्धी हासिल गर्न नसकिएपनि अर्थतन्त्र अहिले ठिक ठाउमा रहेको छ। राजश्व प्रणाली र सरकारको खर्च प्रणालीमा सुधार हुदै आएको छ,।'

सरकार र निजी क्षेत्रको सहकार्य मार्फत आर्थिक उपलव्धी हासिल गर्नुपर्नेमा महानिर्देशक आचार्यले जोडदिनुभयो। नक्कली भ्याट बील बिजकको समस्या समाधान गर्नेगरी प्रयास भईरहेको उनको भनाई छ। कार्यक्रममा सहभागीहरूले वर्तमान कर प्रणालीबाट साना व्यापारीहरू सवैभन्दा बढी मर्कामा परेको गुनासो गरेका थिए।

# कार्यान्वयनमा आयो 'कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले निर्माण कार्यको अनुमगन, सुपरिवेक्षण, सञ्चालन तथा परामर्श सेवाका लागि आवश्यक पर्ने अस्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि 'कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि, २०८१' कार्यान्वयनमा ल्याएको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले मन्त्रिस्तरीय निर्णयमार्फत सो कार्यविधि कार्यान्वयनमा ल्याएका हुन्। सो कार्यविधि यही मङ्सिर २ गते मन्त्रालयले स्वीकृत गरेको छ। मन्त्रालयका सहसचिव इन्दिरा दाहाल संयोजक रहेको एक कार्यदलले सो कार्यविधि तयार पारेको थियो।

कार्यदलमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव मुना शर्मा, जलस्रोत तथा सिँचाइ विभागका उपसचिव विष्णुदेव यादव, विद्युत् विकास विभागका उपसचिव सुवर्ण खनाल, जल तथा मौसम विज्ञान विभागका उपसचिव निराजन सापकोटा सदस्य थिए।

यस्तै, ऊर्जा मन्त्रालयको कानुन तथा फैसला कार्यान्वयन शाखाका उपसचिव खिमानन्द ज्ञवाली सदस्य सचिव रहेका थिए। सो कार्यदलले दिएको प्रतिवेदनका आधारमा कार्यविधि कार्यान्वयनमा ल्याइएको हो। कार्यविधिअनुसार विवाद समाधान, प्रोत्साहन, अध्ययन, अनुसन्धान तथा परामर्श, कार्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन, मानव संशाधन विकासलगायतमा हुने खर्चलाई सहज बनाइनेछ।

निर्माणसँग सम्बन्धित बोलपत्रको प्रस्तावको तयारी, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत् तथा पानी महसुल, सवारी साधन, औजार तथा उपकरण खरिद वा भाडा, मर्मत सम्भारका लागि सहज हुनेछ। कन्टिन्जेन्सी रकम निर्माण, परामर्श, वस्तु खरिद र जडानको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने प्रयोजनका लागि सवारी साधन, औजार तथा उपकरण खरिद गर्न कन्टिन्जेन्सी रकमको बढीमा २५ प्रतिशत रकम छुट्याई कार्यालयले विभागमा पठाउन सक्नेछ। सो रकमबाट सम्बन्धित विभाग वा कार्यालयले अर्थ मन्त्रालयको सहमति लिई सवारीसाधन खरिद गर्न सक्ने व्यवस्था गरिएको छ।

उपकरण तथा सवारी साधन खरिदका लागि कार्यालय तथा विभाग मार्फत कूल कन्टिजेन्सी रकमको अधिकतम ४० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था कार्यविधिमा गरिएको छ। कार्यविधिले बढीमा रु २० लाखसम्म विनियोजित बजेट भएका धेरै योजनाहरू हुने बजेट उपशीर्षकहरूको हकमा कन्टिजेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशीर्षकमा एकमुष्ट खर्च जनाउन सकिने प्रबन्ध गरेको छ। त्यस्तो एकमुष्ट खर्च रकमलाई समानुपातिक रूपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापी किताबमा कन्टिजेन्सी खर्च प्रविष्ट गर्नुपर्नेछ।

कार्यविधिअनुसार आयोजना सञ्चालन हुने क्षेत्रको भौगोलिक अवस्था, आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले सञ्चालन गर्नुपर्ने अन्य आयोजनाहरू, कार्यको जटिलता तथा कार्यबोझ, सुपरिवेक्षकका लागि चाहिने योग्यता, प्राविधिक क्षमता, जनशक्तिको उपलब्धतालाई ध्यान दिएर लागत अनुमान तयार गर्नुपर्नेछ। कन्टिजेन्सी रकम खर्च गर्नेसम्बन्धी निर्देशिका, २०७७ बमोजिम भए गरेका काम कारवाहीलाई समेत कार्यविधि बमोजिम भएको मानिने छ।

कन्जिेन्सी रकम खर्च गर्दा मितव्ययी बन्नुपर्ने, खर्च रकमको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, प्रचलित कानुनको परिपालना गर्नुपर्ने कार्यविधिमा उल्लेख छ। विकास निर्माणलाई थप प्रभावकारी बनाउने र मन्त्रालय मातहतका आयोजनालाई थप गति दिने लक्ष्यका साथ सो कार्यविधि कार्यान्वयनमा ल्याइएको ऊर्जा मन्त्रालयले जनाएको छ।

# मालपोतबाट उठ्यो २ अर्ब ७० करोड राजस्व

**काठमाडौं (प्रस)–** देशभरका मालपोत कार्यालयले गत कात्तिक महिनामा रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार छ सय ४५ बराबरको राजश्व संकलन गरेको छ। घर जग्गाको कारोबारमा अपेक्षित रूपमा सुधार आउन नसकेको कारोबार तथा राजश्व संकलनको प्रवृत्तिले देखाएको छ।

असोज महिनाको तुलनामा कात्तिकमा राजस्व संकलनमा गिरावट आएको हो। असोजमा रु तीन अर्ब आठ करोड १२ लाख ४१ हजार चार सय ८१ बराबरको राजश्व संकलन भएको थियो। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार चाड पर्वलगायतका कारणले गत असोजको तुलनामा कात्तिकमा राजस्व संकलनमा कमी आएको हो। विभागका अनुसार, काठमाडौं उपत्यकाभित्रका नौ वटा मालपोत कार्यालयहरूमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले रु २४ करोड ५७ लाख ५४ हजार आठ सय ५८ बराबर राजस्व संकलन गरेको छ।

मुलुकभर एक सय ३३ मालपोत कार्यालय छन्। ती कार्यालयले रु १७ करोड ७८ लाख ३८ हजार चार सय ६६ बराबरको सेवा कर उठाएको छ। यस्तै, रजिष्ट्रेशन शुल्क रु एक अर्ब ८२ करोड ९५ लाख ३० हजार एक सय ३१, पूँजीगत लाभकर रु ९३ करोड ७७ लाख ९१ हजार आठ सय २० संकलन गरेको छ। विभागका अनुसार गत साउनमा रु तीन अर्ब ८३ करोड ५० लाख ८२ हजार आठ सय ८५, भदौमा रु तीन अर्ब नौ करोड दुई लाख ५९ हजार एक सय ५२ बराबरको राजस्व संकलन भएको थियो।

# 'मुक्तिनाथ फाइदा एप' सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुक्तिनाथ विकास बैंक लिमिटेडले डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न आफ्नो मोवाईल बैंकिङ्ग सेवाको स्तरबृद्धि गरि थप सेवा सहितका 'मुक्तिनाथ फाइदा एप' संचालनमा ल्याएको छ। मुक्तिनाथ फाइदा एप संचालन पछि ग्राहकहरूले मोवाईल एक फाइदा अनेक लिन सक्ने व्यवस्था गरेको छ। यो एप डिजिटल बैंकिङ्गको सर्वव्यापी दृष्टिकोणमा आधारित भएकोले सबै ग्राहकले सरल र सुरक्षित तरिकाले घरमा नै बसी बैंकिङ्ग सेवा उपयोग गर्न सकिने भएको छ। ग्राहकले गर्ने सुरक्षित कारोवारको लागि सुरक्षा प्रश्नहरू राख्न सक्ने साथै ग्राहकले प्रयोग गर्ने डिभाईस ग्राहक स्वयमको हो होईन पहिचान गर्ने जसबाट अनधिकृत व्यक्तिको पहुँच नहुने भएको छ।

ग्राहकहरूले मोवाईल फोन तथा वेबबाट एउटै पासवर्ड प्रयोग गरी आफ्नो खाताबाट सुरक्षित कारोवार गर्न सकिने जनाइएको छ। यसका साथै अन्य थप गरिएको सुविधाहरूमा विभिन्न बिल भुक्तानी, नगद जम्मा भौचर, एटिएम कार्ड नविकरण, इ-कर्मस कार्ड सकृय, भाषा छनौट, बिदेशी मुद्रा विनियमदर, व्याजदर, कारोवारको सिमाको जानकारी, बैंकले दिने वस्तु तथा सेवाहरूको जानकारी, भेटघाटको लागि अनुरोध, कारोवार सफल नभएमा कारोवारको दाबी गर्न, बैंकले दिने बिभिन्न सुचनाहरूको जानकारी लिन, गुनासो तथा सुझाब दिन, चेक बुक अनुरोध गर्न, विभिन्न भुक्तानीको तालिका राख्न, आम्दानी तथा खर्चको ग्राफ साथै अन्य सुविधाहरू रहेको छ।

साथै, बैंकले विकास बैंकले प्रर्वद्धन गरेको नेपालको पहिलो सामुहिक लगानी कोष 'मुक्तिनाथ म्युचुअल फण्ड' यहि आउँदो मंसिर महिनाभित्र सार्वजनिक निष्काशन मार्फत् इकाईहरू बिक्रिमा ल्याउने भएको छ। यस कोषको प्रवर्द्धक मुक्तिनाथ विकास बैंक र भने योजना व्यवस्थापक मुक्तिनाथ क्यापिटल रहेको छ।

MUKTINATH फाइदा APP
मोबाइल एक, फाइदा अनेक...

# एक महिनामै ३३ हजारभन्दा बढी पर्यटक

**गण्डकी–** अन्नपूर्ण संरक्षण क्षेत्रमा गत कात्तिक महिनामा ३३ हजार तीन सय १० विदेशी पर्यटक भित्रिएका छन्। जसमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ७८ र अन्य मुलुकका २१ हजार छ सय ३२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ।

आयोजना प्रमुख डा. रविन कडरियाका अनुसार गत साउनयता ८३ हजार ३१ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन्। गत वर्ष सोही अवधिमा ६७ हजार चार सय ४२ जना पर्यटकले 'एक्याप'को भ्रमण गरेका थिए। गत आवमा दुई लाख २२ हजार एक सय ८० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा चालु आवमा दुई लाख ५० हजारभन्दा बढी पर्यटक भित्रने अपेक्षा एक्यापको छ।



गत असोजयता पर्यटकको आवागमन बढेको उहाँको भनाइ छ। असोजमा ३० हजार सात सय ३२ विदेशी पर्यटक उक्त क्षेत्र भ्रमणका लागि पुगेका थिए। जसमा एसियाली मुलुकका ११ हजार नौ सय ८५ र अन्य मुलुकका १८ हजार सात सय ४७ पर्यटक थिए। अन्नपूर्ण चक्रीय पदमार्ग आसपासका गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको सफ्या गत वर्षभन्दा यसवर्ष बढेको एक्यापले जनाएको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरिएको छ। सडक र हवाई मार्ग भएर बर्सेनि उल्लेख्य संख्यामा आन्तरिक पर्यटक एक्यापका विभिन्न गन्तव्यस्थल पुग्ने गरेका छन्। हाल मुख्य पर्यटकीय याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिएको उनको भनाइ छ। दोस्रो मुख्य पर्यटकीययाम सुरु हुँदासम्ममा यो वर्षको पर्यटक आवागमन उल्लेख्य मात्रमा बढ्ने अनुमान गरिएको आयोजना प्रमुख कडरियाले बताए।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ। पर्यटक पथप्रदर्शक दिवस गुरुङका अनुसार अन्नपूर्ण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ। आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट गन्तव्य मानिन्छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ